# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक १४९ | काठमाडौं | मंगलबार, ४ असोज २०७९ | Prabhab National Daily, | Tuesday, September 20, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-



चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।

मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## 'संविधानको रक्षाका लागि इमान्दार प्रयास आवश्यक'



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको रक्षा र पालनाका लागि दलहरूको इमान्दार प्रयास आवश्यक रहेको बताएकी छन् । संविधानको निर्माण र विकासका लागि राजनीतिक दलले खेलेको नेतृत्वदायी भूमिकाको सराहना गर्दै उनले उक्त कुरा बताएकी हुन् ।

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७९ का अवसरमा राष्ट्रपति भवन शीतलनिवासमा सोमबार आयोजित स्वागत समारोहमा उनले संविधानले सुनिश्चित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न हाम्रा प्रयास निरन्तर जारी रहेको बताइन् । यसै क्रममा केही महिनाअघि मात्र स्थानीय तहको निर्वाचन सम्पन्न भएको र निकट भविष्यमा नै प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुन लागेको उल्लेख गर्दै राष्ट्रपति भण्डारीले तीनै तहको निर्वाचनपश्चात् जनप्रतिनिधिहरूले मुलुकको बृहत्तर हितलाई प्राथमिकतामा राखी सामाजिक, आर्थिक, सांस्कृतिक एवं शैक्षिक विकासका लागि अझ सशक्त भूमिका खेल्ने विश्वास व्यक्त गरिन् ।

'नेपाली जनताको दशकौं लामो संघर्ष र बलिदानको फलस्वरूप संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भई सात वर्ष पूरा भएको सुखद अवसरमा आज हामी संविधान दिवस तथा राष्ट्रिय दिवस मनाइरहेका छौं,' उनले सोमबार भनिन ।

नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र स्वाभिमानको रक्षा गर्न नेपाली जनतालाई अधिकारसम्पन्न बनाएको जनाउँदै राष्ट्रपति भण्डारीले संविधानले जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको बताइन् ।

'शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइलगायत क्षेत्रमा व्यापक र दूरगामी महत्त्वका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । यी सबै कार्यका लागि हामीलाई स्रोत, साधन र सीपको आवश्यकता पर्दछ,' राष्ट्रपति भण्डारीले भनिन् ।

# समानुपातिकमा शीर्ष नेता



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि दलहरूले समानुपातिकतर्फको उम्मेदवारको बन्द सूची बुझाएका छन् । सोमबार निर्वाचन आयोगमा पुगेर मुख्य राजनीतिक दलसहितका अन्य दलहरूले समानुपातिकतर्फको उम्मेदवार सूची बुझाएका हुन् । केही दलले आइतबार नै सूची बुझाएका थिए ।

आयोगले आइतबार र सोमबार गरी दुई दिन समानुपातिकतर्फको उम्मेदवार सूची बुझाउन समय दिएको थियो । सोही समयावधिभित्र राजनीतिक दलहरूले आ–आफ्ना उम्मेदवारहरूको बन्द सूची आयोगमा पेस गरे ।

> एमाले र माओवादीले २०६४ यता समानुपातिकमा निर्वाचितहरूलाई दोहोऱ्याएका छैनन् । कांग्रेसले भने अघिल्लो निर्वाचन, २०७४ मा निर्वाचितहरूलाई दोहोऱ्याएको छैन । अन्यलाई आवश्यकताका आधारमा दोहोऱ्याइएको बताइएको छ ।

सत्तारुढ दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) नेपाल, प्रमुख प्रतिपक्षी दल नेकपा एमाले, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)लगायतका दलहरूले समानुपातिक उम्मेदवारहरूको बन्दसूची बुझाएका छन् । एमाले र माओवादीले २०६४ यता समानुपातिकमा निर्वाचितहरूलाई दोहोऱ्याएका छैनन् । कांग्रेसले भने अघिल्लो निर्वाचन, २०७४ मा निर्वाचितहरूलाई दोहोऱ्याएको छैन । अन्यलाई आवश्यकताका आधारमा दोहोऱ्याइएको बताइएको छ ।

उम्मेदवारहरूको बन्दसूची निर्वाचन आयोगमा बुझाएपछि सञ्चारकर्मीहरूसँग बोल्दै नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले समानुपातिक बन्दसूचीमा नेपाली कांग्रेस कार्यसमितिबाट पनि कतिपय सदस्यहरू रहेको बताए । यस क्रममा उनले नेपाली कांग्रेस उत्साहका साथ निर्वाचनमा होमिएको पनि बताए ।

कांग्रेसले प्रधानमन्त्री (**बाँकी पृष्ठ ३ मा**)

## प्रतिनिधिसभातर्फ २७ दलको बन्दसूची पेस

**काठमाडौं (प्रस)–** काठमाडौं– प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचनतर्फ २७ राजनीतिक दलले बन्दसूची पेस गरेका छन् । निर्वाचन आयोगले सोमबार राति १० बजेसम्म उक्त संख्याका दलले बन्दसूची पेस गरेको जानकारी दिएको हो ।

आयोगका अनुसार प्रतिनिधिसभा सदस्यतर्फ नेपाल समावेशी पार्टी, तराई मधेस लोकतान्त्रिक पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, राष्ट्रिय वाममोर्चा र बहुजन एकता पार्टीले बन्दसूची बुझाएका छन् ।

यस्तै राष्ट्रिय नागरिक पार्टी, मंगोल नेसनल अर्गनाइजेसन, मितेरी पार्टी नेपाल, जनमत पार्टी, नेपालका लागि नेपाली पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, एकीकृत शक्ति नेपाल, नेपाल कम्युनिस्ट पार्टी, नेपाल मजदुर किसान पार्टी, नेपाल माक्सृवादी (पुष्पलाल) नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), नेकपा एमाले र राष्ट्रिय जनमुक्ति पार्टीले प्रतिनिधिसभातर्फ बन्दसूची पेस गरेका छन् । मौलिक जरोकिलो पार्टी, आमूल परिवर्तन मसिहा पार्टी, नेकपा परिवर्तन, नागरिक उन्मुक्ति पार्टी, नेसनालिस्ट पिपुल्स पार्टी, नेपाली कांग्रेस (बिपी), विवेकशील साझा पार्टी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थारुहट) ले बन्द सूची पेस गरेका छन् । राति १० बजेसम्म आयोगले सार्वजनिक गरेको सूचीमा सत्तारुढ दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रको नाम परेको छैन ।

यस्तै प्रदेश १ र मधेस प्रदेशमा १६/१६, मा, बागमतीमा २०, गण्डकी र लुम्बिनीमा ११/११, कर्णाली प्रदेशमा १० र सुदूरपश्चिम प्रदेशमा १३ वटा दलले समानुपातिकतर्फको बन्दसूची पेस गरेका छन् । यो विवरण सोमबार राति १० बजेसम्मको हो ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## खाडी मुलुकका तारे होटलमा नेपालीको माग बढ्दो



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीको प्राथमिक गन्तव्यमा परेका खाडीका विभिन्न मुलुकका तारे होटलमा नेपाली कामदारको माग बढ्न थालेको छ । पछिल्लो समय खाडी मुलुकमा सञ्चालित अन्तर्राष्ट्रिय ब्राण्डका होटल तथा रिसोर्टमा नेपाली कामदारको माग बढ्न थालेको हो ।

वैदेशिक रोजगारीमा गएकामध्ये १८ प्रतिशत नेपालीहरू हस्पिटालिटी सर्भिसमा गएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पछिल्लो आप्रवासन प्रतिवेदनले देखाएको छ । जसमा रोजगारीका लागि सबैभन्दा बढी कुक, वेटर, हाउसकिपिङ र बरिस्ता (कफी मेकर) मा जानेहरू रहेको उल्लेख गरिएको छ । त्यस्तै वैदेशिक रोजगार विभागको पछिल्लो तथ्यांकअनुसार कुक तथा सेफमा मात्रै पाँच हजारको हाराहारीमा खाडी मुलुक गएका छन् । जसमा युएई, कतार र कुवेतमा जानेको संख्या सबैभन्दा धेरै रहेको छ ।

युएईमा झण्डै एक हजार २००, कतारमा ७०० र कुवेतमा ५०० को हाराहारीमा नेपाली कामदार होटल तथा रिसोर्टमा काम गरिरहेका छन् । त्यस्तै, साउदीमा ४००, ओमनमा ३५० र अन्य देशमा झण्डै १६ सय जना नेपाली गएको विभागले जनाएको छ । यसबाहेक वेटर र वेट्रेसमा साढे छ हजार नेपालीले होटलमा रोजगारी पाइरहेको विभागले उल्लेख गरेको छ ।

यसैगरी पछिल्लो समय खाडी मुलुकका प्रतिष्ठित तारे होटल तथा रिसोर्टले नेपालमै आएर कामदार छनोट गर्नुले पनि नेपालीहरूको माग बढ्दै गएको देखाएको छ । केही हप्ताअघि युएईको दुबईस्थित द रोयल एटलान्टिज रिसोर्ट एण्ड रेसिडेन्सले आफूलाई चाहिने कामदारको छनोट गर्न काठमाडौंमा नै आएर अन्तिम अन्तर्वार्ता लिएको थियो । रिसोर्टको मानव संसाधन टोलीले विभिन्न पदमा मासिक ६० हजारदेखि चार लाख रूपैयाँसम्म तलब सुविधा दिनेगरी ४३० जना कामदार छनोट गऱ्यो । जसलाई नेपालको भिजन एण्ड भ्यालु म्यानपावर कम्पनीले कामदार उपलब्ध गराउन सहकार्य गरेको थियो । उक्त रिसोर्टले यसअघि पनि नेपाली कामदार लगिसकेको र फेरि पनि शून्य लागतमा कामदार लैजान लागेको म्यानपावर कम्पनीले जनाएको छ । खाडीमा कमाइ, सुरक्षा र मर्यादाको हिसाबले होटल क्षेत्र आकर्षक गन्तव्य बन्दै गइरहेको सरोकारवालाहरूको भनाइ छ ।

## श्रमसचिव अर्याललाई राष्ट्रदीप पदक

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्याल सुकीर्तिमय राष्ट्रदीप पदकबाट सम्मानित हुने भएका छन् । श्रम तथा वैदेशिक रोजगारीको क्षेत्रमा उल्लेख्य सुधारका कार्य गरिरहेका अर्याल राष्ट्रपति विद्यादेवी भण्डारीले प्रदान गर्ने उक्त पदक पाउनेको सूचीमा परेका हुन् ।

अर्यालले मन्त्रालयमा सचिवको जिम्मेवारी सम्हालेयता वैदेशिक तथा आन्तरिक रोजगार क्षेत्रमा उल्लेख्य सुधारका काम गरिरहेका छन् । उनले वैदेशिक रोजगार सेवालाई छिटोछरितो तथा प्रविधिमैत्री बनाउने कार्यमा खेलेको भूमिका प्रशंसनीय रहेको मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

सचिव अर्यालकै पहलमा अहिले सेवाग्राहीले श्रम स्वीकृतिलगायत सबै प्रकारका सेवाहरू सहज रूपमा अनलाइन प्रणालीबाटै प्राप्त गर्न सक्ने भएका छन् । हाल सेवाग्राहीले वैदेशिक रोजगार कार्यालयमा धाउनुपर्ने बाध्यता हटेको छ । त्यस्तै मन्त्रालयकै निर्देशनअनुसार सरोकारवाला निकायहरूले वैदेशिक रोजगारलाई 'फेसलेस', 'पेपरलेस' र 'क्यासलेस' बनाउने गरी गृहकार्य गरिरहेको बताइन्छ ।

सचिव अर्यालसँगै अन्य तीनजना सचिव डा. प्रेमनारायण कँडेल, कृष्णहरि पुस्कर र लिलादेवी गड्तौलाको नाम पनि उक्त पदक पाउने सूचीमा रहेको छ ।


## ग्रामथान गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, मोरङ, नेपाल

## जनहितमा जारी सन्देश
### उद्योग तथा व्यवसायका लागि

१. विक्रेताले बिक्री वितरण हुने समानको मूल्य सूची स्पष्ट रूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरू विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
१८. दुग्ध उत्पादक सङ्कलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरू पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईंको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

## चाबहिल-जोरपाटी-थली-साँखु सडक

# सात वर्षमा पनि सकिएन कालोपत्र

■ पूर्णप्रसाद मिश्र



**काठमाडौं–** तलमाथि यात्रा गर्दा कालोपत्र भइसकेको सडक, बीचमा केही भागमा अझै चार-पाँचवटा सानाठूला पानी जमेको ताल भेटिँदा लाग्छ यो किन बनेन ? कागेश्वरी मनोहरा नगरपालिका-६ तिवारीटोलको यो अवस्था एक दशकअघिदेखि यस्तै छ ।

जहिले पानी जम्ने यो सडकको समस्या कसैले समाधान गर्न सकेका छैनन् । यही मार्गका धेरै काम भइसक्दा पनि यहाँको अवस्था भने सुधिएको छैन । सडकको उपलब्ध चौडाइमा कालोपत्र गर्नू भनी सरकारले निर्णय गरेको लामो समयसम्म पनि चाबहिल-जोरपाटी-थली-साँखु सडकका विभिन्न खण्डका काम अझै अलपत्र छ ।

मूलपानीका स्थानीयवासी रणेन्द्र फुँयाल तिवारी टोलको सडकमा हुने खाल्डाखुल्डी टाल्न सरोकार भएका निकायलाई पटक-पटक आग्रह गरे पनि पूरा हुन नसकेको बताउँछन् । वर्षायाममा तिवारी टोलको सडकमा हिँड्दा जुत्ता खोलेर हिँड्नुपर्ने अवस्था आउने गरेको गुनासो गर्छन् ।

काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले केन्द्रबिन्दुबाट ११/११ मिटर बढाएर कालोपत्र गर्ने गरी वि.सं. २०७२ ठेक्का सम्झौता गरेको थियो । सम्झौता गरेर काम सुरु गरेको सात वर्षसम्म पनि सडक अलपत्र छ । यसबीचमा सडक किनार दायाँबायाँका घर तथा जग्गाधनीले सर्वोच्चमा दायर गरेको मुद्दामा सर्वोच्चले घर जग्गाकै मुआब्जा दिएर मात्र सडक विस्तार गर्नू भनी सरकारका नाममा २०७४ असोजमा आदेश दिएको थियो । सरकारले पुनरवलोकनको माग गरेकामा मुआब्जा नै दिनु भन्ने आदेश भएको थियो । यसपछि सरकारले चाबहिल-जोरपाटी-साँखु र त्रिपुरेश्वर-कलंकी-नागढुंगा सडकमा उपलब्ध चौडाइमै कालोपत्र गर्ने निर्णय गरेको पनि पाँच वर्ष बितिसकेको छ । तर, सडक भने बन्न सकेको छैन ।

सडक विस्तारका लागि 'राइट अप क्लियर' नगरी ठेक्का गर्दा समस्या आएको हो । एउटा समूह सडक छिटो बनाऊ भन्छ । अर्को समूह सर्वोच्चको आदेश कार्यान्वयन गर भन्छ । उपलब्ध सडकमा छिटो कालोपत्र गर्न सरकारले भनेको वर्षौं बितिसक्दा पनि यात्रु र स्थानीयवासी सास्ती खेप्न बाध्य छन् । वर्षौं चुप लागेर बस्ने निर्माण व्यवसायी सरोकार भएका निकायले अनुगमन गर्ने भनेपछि यन्त्रसहित सडकमा काम गरेझैं गरी रिझाउन खोज्छन् ।

चाबहिलका स्थानीयवासी शंकरकुमार श्रेष्ठ अनुगमन टोली फर्कनेबित्तिकै काम बन्द हुने गरेको अनुभव सुनाउँछन् । कालोपत्र गरिएका स्थानको पनि किनारका भागमा अझै अलपत्र छोड्दा सडकमा समस्या भएको उनले गुनासो गरे । टुसाल चोकमा हायात होटलको पौडीपोखरीबाट निस्कने पानी र महांकालबाट वर्षात्का समयमा आउने बाढीले सडक जीर्ण छ ।

दुवैको व्यवस्थापन नभएसम्म सडक सुध्रिँदैन । हायात होटलबाट टुसालसम्म गरिएको कालोपत्र पौडी पोखरीको पानी र वर्षात्को भेलले केही दिनमै बिगारेको थियो । टुसाल चोकबाट महांकाल निस्कने अमिताभ बुद्धमार्गमा काठमाडौं महानगरपालिकाले बनाएको सडक पनि दुई महिना नै टिकेन । दुवै सडकमा निर्माण व्यवसायीले हायात होटलबाट आउने भेलले सडक बिगारेको दाबी गर्दै आएका छन् ।

टुसालसम्म २२ मिटरकै हाराहारीको सडक भए पनि त्यसपछि साँघुरो देखिन्छ । महानगरीय प्रहरी वृत्त बौद्धको भवनसमेत काठमाडौं उपत्यका विकास प्राधिकरणले तोकेको मापदण्डविपरीत छ । मापदण्डविपरीतको सरकारी भवन पहिलो चरणमा भत्काउनुपर्ने भनी संघीय संसद्को विकास समितिले दिएको निर्देशन अझै कार्यान्वयन भएको छैन ।

प्रत्येक वर्ष डुबानमा पर्ने गर्छ विश्व सम्पदा क्षेत्र बौद्ध स्तूप । विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध स्तूपसहितको साँस्कृतिकस्थल एवं यस वरपरको सडक तीन चुलेबाट आउने बाढीका कारण प्रत्येक वर्ष वर्षात्मा डुब्ने गरेको छ ।

यद्यपि, यो सडकमा कालोपत्र भइसकेको छ । कालोपत्र गर्दा पनि ढल व्यवस्थित नगर्दा सम्पदा क्षेत्र डुबान हुन नछोडेको हो । डुबानका बेला यस क्षेत्रमा सवारी आवागमनमासमेत बाधा पुग्ने गरेको छ । सवारी घण्टौं जाममा पर्दा टाढा पुग्ने यात्रुले सास्ती भोग्छन् । बौद्ध पिपलबोटबाट जोरपाटीतर्फ तल्लोपट्टि भागमा सडक बढाउन खोजेपछि स्थानीयवासीले घर भत्काएका छैनन् । प्राधिकरणले पक्षपात गरेर एकातर्फमात्र 'डिमार्केसन' गरेको स्थानीय महेन्द्र लामाले बताए ।

केन्द्रबिन्दुबाट दुवैतिर उत्तिकै जग्गा लिए दिन तयार रहेको उनले बताए । जोरपाटी क्षेत्रका केही घर भत्किए पनि धेरैले मुआब्जा माग गरेका छन् । यस क्षेत्रको सडकको बीच भाग कालोपत्र भए पनि दायाँबायाँ अझै जीर्ण छ । कति ठाउँमा कालोपत्र भएको केही समयमै सडक भत्कन थालिसकेको छ । दक्षिणढोकामा पुलको चौडाइ सानो हुँदा गोकर्ण जंगलतिरबाट आउने खोलाको बाढीले वर्षात्मा यहाँको बस्ती डुब्ने गरेको गोकर्णेश्वर नगरपालिका-७ का अध्यक्ष केशव गुरुङले बताए । दशकौंदेखि यो समस्या समाधान हुन नसकेको उनले गुनासो गरे ।

तिवारी टोल, थली एवं डाँछी बजारका स्थानीयवासीले घर जग्गाको मुआब्जा माग गर्दै सडक विस्तार गर्न मानेका छैनन् । करिब १२ किलोमिटरको यो सडक पाँच खण्डमा काम भइरहेको छ । चाबहिलबाट बागमती पुलसम्मको ३.६ किलोमिटर खण्डमा युनाइटेड बिल्डर्स एण्ड इन्जिनियर्स प्रालिले काम गरिरहेको छ । दक्षिणढोकाबाट थली उकालोसम्म २.४ किलोमिटर दूरीमा बज्रगुरु/च्याङमिला/खानी जेभीको ठेक्का छ ।
थलीबाट डाँछी तीन किलोमिटर दूरीमा बज्रगुरु/बिरुवा/खानी जेभी, डाँछीबाट सलम्बुटार वनकोबीच सडकसम्म बिटी/सुनकोसी/वर्ल्डवाइड जेभी र त्यहाँबाट साँखुसम्मको एक किलोमिटर सडकमा लामा/समानान्तर जेभीले ठेक्का पाएका छन् । लामा/समानान्तर जेभीको केही काम मात्र बाँकी रहेको विस्तार आयोजनाले जनाएको छ ।

साइड पोस्ट र रोड मार्कको काम मात्र बाँकी छ । आयोजना प्रमुख कृष्णनाथ ओझा यो सडकका लागि पुससम्मको समय दिएको बताउँछन् । त्यस समयसम्ममा काम सक्न निर्देशन दिइएको उनले बताँए । करिब दुई किलोमिटर क्षेत्रको काममात्र बाँकी रहेको पनि उनले सुनाए । *रासस*

# सांकेतिक भाषालाई राष्ट्रिय भाषाको मान्यता दिनुपर्ने माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय बहिरा महासंघ नेपालले सांकेतिक भाषालाई राष्ट्रिय भाषाका रूपमा मान्यता दिनुपर्ने माग गरेको छ । महासंघले सोमबार यहाँ आयोजना गरेको ' शिक्षामा सांकेतिक भाषाको महत्त्व' विषयक अन्तरक्रियामा अध्यक्ष केपी अधिकारीले सरकारले सांकेतिक भाषालाई अपनत्व ग्रहण गर्नुपर्नेमा जोड दिए । सांकेतिक भाषाबारे सरकारी तवरबाटै स्पष्ट नीति बनाएर कार्यान्वयन गर्नुपर्ने उनको भनाइ थियो ।

महासंघले बहिरा नागरिकलाई गुणस्तरीय शिक्षाका लागि 'एक जिल्ला, एक बहिरा विद्यालय'को व्यवस्था गर्नुपर्ने, सांकेतिक भाषाका शब्दहरू चार हजार ७०० मात्रै रहेकाले सांकेतिक भाषाको विकास गर्न सांकेतिक भाषा अनुसन्धान केन्द्रको स्थापना गर्नुपर्ने र त्यसका लागि ७५३ वटै स्थानीय तहमा दोभाषेको व्यवस्था गर्नुपर्ने मागसमेत गरेको छ ।

अध्यक्ष अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै हरेक सार्वजनिक कार्यालयमा दोभाषेको व्यवस्था गर्नुपर्ने र त्यसका लागि दोभाषे उत्पादन गर्न तालिम केन्द्रको स्थापना गर्नुपर्ने तथा बहिरा नागरिकको सीप, क्षमता र आवश्यकताका आधारमा रोजगारीको व्यवस्था गर्नुपर्नेमा जोड दिए । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा. हरि लम्सालले सांकेतिक भाषालाई थप व्यवस्थित गर्नका निम्ति मन्त्रालयले योजना गरिरहेको बताए ।

युनिसेफद्वारा प्रकाशित एक प्रतिवेदनअनुसार ५ देखि १२ वर्ष उमेर समूहका कूल अपांगता भएका बालबालिकामध्ये ३० प्रतिशत बालबालिकाहरू अझै विद्यालयभन्दा बाहिर छन् ।

सरकारी प्रतिवेदनअनुसार सरकारले सञ्चालन गरेका ३५ हजार ९९३ बाल विकास केन्द्रहरूमा नौ लाख ७३ हजार ९०० बालबालिका सिकिरहेका छन् । तर, यिनमा अपांगता भएका बालबालिकाको संख्या भने तीन हजार २७० मात्र छ । जनगणना २०६८ को प्रतिवेदनमा उल्लेख भएअनुसार कूल जनसंख्याको १.९४ प्रतिशतमात्र अपांगता भएका व्यक्ति रहेको जनाइएको छ ।


## जामाचो यातायात सेवा (प्रा.लि.) को खारेजी (लिक्वीडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनि ऐन २०६३ बमोजिम मिति २०७५/१२/२५ मा दर्ता भएको प्रा.लि. नं. २१२६५८/७५/७६ को जामाचो यातायात सेवा प्रा.लि.लाइ खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनि ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०६/०२ गतेको बिशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण धन एबं कोहि कसैको बाँकि बक्यौता लेनदेन आदि भएमा स प्रमाण सहित हकदाबी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बबरमहल काठमाण्डौंमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**शेर बहादुर रोकाया**
**लिक्वीडेटरको कार्यालय**
**बबरमहल काठमाण्डौं**
**इजाजत पत्र नं.२८७**
**फोन नं ९८४१३४०४०३**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन :** ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असोज ४ गते मंगलबार (तिथिः दशमी, नक्षत्रः पुनर्वसु, कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | साथीभाइबीचको सम्बन्ध सुमधुर बन्नेछ । |
| **वृष** | पुरानो कार्य बन्नेछ । |
| **मिथुन** | बाधाहरु हट्ने छन् । |
| **कर्कट** | मुटुसम्बन्धी समस्या आउनसक्छ । |
| **सिंह** | मांगलिक कार्य हुने योग छ । |
| **कन्या** | स्वास्थ्य राम्रो रहनेछ । |
| **तुला** | नातेदारसँग भेट हुनेछ । |
| **वृश्चिक** | संयमता अपनाउनुहोला । |
| **धनु** | आयमा वृद्धि हुनेछ । |
| **मकर** | अनावश्यक विवाद हुने योग छ । |
| **कुम्भ** | धार्मिक कार्यमा रूचि बढ्नेछ । |
| **मीन** | प्रियजनसँग भेट हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असोज ४ गते, २०७९, २० सेप्टेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## समानुपातिकमा ...

पृष्ठ १ बाट जारी

शेरबहादुर देउवापत्नी तथा केन्द्रीय सदस्य आरजु राणा देउवालाई प्रतिनिधिसभामा समानुपातिकतर्फबाट उम्मेदवार बनाउने भएको छ । कांग्रेसले सोमबार निर्वाचन आयोगलाई बुझाएको सूचीमा प्रतिनिधिसभाको समानुपातिकतर्फ सुदूरपश्चिम प्रदेशको खस आर्य महिलामा आरजुको नाम समेटिएको छ ।

आरजु कैलाली ५, कञ्चनपुर, बर्दिया, बाग्लुङसहित पाँच स्थानबाट प्रत्यक्षतर्फ सिफारिस भएकी थिइन् । तर, कांग्रेसले अन्तिम समयमा आएर उनको नाम समानुपातिकमा समावेश गरेको छ । कैलाली-५ मा असन्तुष्ट नेता पुष्करनाथ ओझा समूहले असहयोग गर्ने भएपछि आरजुलाई समानुपातिकमा राख्न कांग्रेस सभापतिसमेत रहेका प्रधानमन्त्री देउवाले सिफारिस गरेका हुन् । कांग्रेसले नेता विमलेन्द्र निधि, गोपालमान श्रेष्ठ, फरमुल्लाह मन्सुर, आनन्दप्रसाद ढुंगाना, जीवन परियारलगायतलाई समानुपातिकमा राखेको छ ।

कांग्रेस प्रवक्ता प्रकाशशरण महत र पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसी पनि समानुपातिक सूचीमा परेका छन् । महत अघिल्लो निर्वाचनमा काठमाडौं-५ मा एमालेका ईश्वर पोखरेलेसँग पराजित भएका थिए । उनी यसपालि पनि सोही क्षेत्रबाट प्रत्यक्षतर्फ सिफारिस भएका थिए ।

एमालेले केन्द्रीय पदाधिकारी तथा समानुपातिक सूचीबाट यसअघि सांसद भइसकेका नेताबाहेकका नेताहरूलाई समानुपातिक उम्मेदवार बनाएको छ । जसमा स्थायी कमिटी सदस्य रघुजी पन्त, गोरखबहादुर बोगटी, लिलबहादुर थापा, ईश्वरी रिजाल विश्वकर्मासहितका नेताहरू समानुपातिकको बन्द सूचीमा परेका छन् ।

महिलातर्फ नैनकला थापा, उमा कोइराला, सुनिता बराल, क्रान्ति बुर्लाकोटी, भक्तकुमारी लामा, मेनुका पछाईसहितका नेताहरू रहेको एक सदस्यले बताए । समानुपातिकको सूचीमा पर्ने नेता रघुजी पन्त यसअघि ललितपुर-३ बाट निर्वाचित सांसद हुन् भने बोगटी कर्णाली प्रदेश कमिटीका पूर्वअध्यक्ष एवं पार्टीको पोलिटब्यूरो सदस्य हुन् ।

त्यस्तै, बागलुङबाट परेकी थापा माओवादी केन्द्रबाट आएका नेता रामबहादुर थापाकी पत्नी हुन् । उनी पूर्वसञ्चारमन्त्री पनि हुन् । रिजाल एमाले केन्द्रीय कार्यालयका पूर्वसचिव हुन् । यस्तै सिन्धुलीकी कोइराला केन्द्रीय सदस्य हुन् भने सुनिता र मेनुका विद्यार्थी नेता हुन् । बुर्लाकोटी युवासंघको नेता हुन् भने लामा पूर्वविद्यार्थी नेता हुन् ।

एमालेका निर्वाचन विभाग उपप्रमुख निरज आचार्यले विगतका समानुपातिक सूचीमा रहेकाहरूलाई नदोहोऱ्याएको बताए । उनले समानुपातिक सूचीमा कोही पनि पुराना नेताहरू नरहेको उल्लेख गर्दै सबै नयाँ अनुहार रहेको बताए ।

एमाले निर्वाचन विभाग प्रमुख एवं उपमहासचिव विष्णु रिमाल भने चुनाव नलड्ने भएका छन् । विगतमै समानुपातिक सांसद बनिसकेका कारण उनी यसपालि समानुपातिकको सूचीमासमेत बसेनन् । नुवाकोटनिवासी नेता रिमाल प्रत्यक्षतर्फ पनि चुनाव नलड्ने एमालेका एक नेताले जानकारी दिए ।

रिमालले आफू चुनावमा लड्ने नभई अरुलाई जिताउने भूमिकामा रहने बताएका छन् । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)बाट एमालेको राजनीतिमा उदाएका उपमहासचिव रिमाल अध्यक्ष केपी शर्मा ओलीका दाहिने हात मानिन्छन् । ओली प्रधानमन्त्री भएका बेला रिमाल प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारको भूमिकामा थिए । इन्जिनियरिङ पृष्ठभूमिका रिमाललाई एमालेभित्र राजनीतिक इन्जिनियरिङकर्ताका रूपमासमेत लिइन्छ । प्राविधिक काम एवं व्यवस्थापकीय पक्षमा उपमहासचिव रिमालको विशेष दखल रहेको एमाले नेताहरू बताउँछन् ।

माओवादीका उपाध्यक्ष एवं पूर्वसभामुख कृष्णबहादुर महरा पनि समानुपातिकतर्फ उम्मेदवारको सूचीमा अटाएका छन् । रोल्पा, दाङ-१, दाङ-२ बाट उनलाई प्रत्यक्षतर्फ सिफारिस गरिएको थियो । आफू चारपटक प्रत्यक्ष चुनाव लडेको र एकपटक मनोनीत भएको उनले बताए ।

महराले २०४८ मा रोल्पा-२, २०६४ मा दाङ-३, २०७० मा रोल्पा-१ र २०७४ मा दाङ-२ बाट प्रतिस्पर्धा गरेका थिए । उनी यी सबै निर्वाचनमा विजयी भएका थिए । महरा २०६३ माघमा गठन भएको अन्तरिम व्यवस्थापिकाको पनि सदस्य थिए ।

माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले विगतमा समानुपातिक प्रदेश वा संघबाट समानुपातिक भइसकेका, राष्ट्रिय सभामा एक कार्यकाल बसिसकेका, पहिलो र दोस्रो संविधानसभामा मनोनीततर्फ प्रतिनिधित्व गरिसकेका र स्थानीय तहमा निर्वाचित एवं निर्वाचनमा हारेकाहरूलाई बन्दसूचीमा नराखेको बताए । यस्तै, पार्टीले युवाहरूलाई विशेष जोड दिएको उनको भनाइ थियो ।

बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीका पाँच जना नेतालाई पनि माओवादीको तर्फबाट प्रतिनिधिसभामा समानुपातिकको बन्दसूचीमा राखिएको छ । माओवादीले आफ्नो पार्टीका १०५ जना र भट्टराईका पाँच जना गरी ११० जनाको सूची तयार पारेर बुझाएको हो । भट्टराई माओवादीको चुनाव चिह्नबाट प्रत्यक्ष चुनाव लड्ने तय भइसकेको छ । भट्टराईको सिफारिसमा गंगानारायण श्रेष्ठसहित पाँच जनाको नाम समानुपातिकमा परेको हो ।

यस्तै, नेकपा एकीकृत समाजवादीले पनि समानुपातिक उम्मेदवारको बन्दसूची निर्वाचन आयोगमा बुझाएको छ । सोमबार बुझाइएको बन्दसूचीमा पार्टीका शीर्ष तहका नेताहरूको नाम पनि समावेश छ । पार्टीका उपाध्यक्ष प्रमेश हमालसहितका नेताहरूले समानुपातिक रोजेका छन् । समानुपातिक रोज्नेमा उपाध्यक्ष हमालसहित उपमहासचिव गंगालाल तुलाधर, सचिव नागेन्द्रकुमार चौधरी, स्थायी कमिटी सदस्य सावित्राकुमारी भुसाल, स्थायी कमिटी सदस्य रामचन्द्र यादव र श्रीप्रसाद साह छन् ।

यस्तै, स्थायी कमिटी सदस्य भविश्वर पराजुली, केन्द्रीय लेखा आयोग अध्यक्ष भरतकुमार श्रेष्ठ र पोलिटब्युरो सदस्य दीलकुमारी पन्त पनि समानुपातिक सूचीमा परेका छन् ।

प्रतिनिधिसभामा समानुपातिक प्रणालीबाट ११० जना र सातवटा प्रदेशसभामा २२० जना उम्मेदवार हुने छन् । समानुपातिक प्रणालीमा मतदाताहरूले राजनीतिक दललाई मत दिने छन् । राजनीतिक दलले पाएको मतको आधारमा बन्दसूचीमा रहेका उम्मेदवारमध्येबाट सांसद निर्वाचित हुन्छन् ।

आयोगले यही असोज ९ गते राजनीतिक दलहरूलाई आयोगमा बुझाएको समानुपातिक सूचीमा रहेका नाम सच्याउनका लागि पत्राचार गर्ने र १६ गतेभित्र सच्याएर ल्याउन समय दिनेछ । त्यसरी सच्याएर आएको नामावली नै अन्तिम नामावली हुने प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले बताए । उनका अनुसार आयोगले ती नामावलीलाई असोज २२ गते सार्वजनिक गर्नेछ ।

# ‘राज्यबाटै कानुनी राज्यको उपहास’

**काठमाडौं (प्रस)**– स्वतन्त्र कानुन व्यवसायीहरूले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई सरकारले नजरबन्दमा राखेर कानुनी राज्यको उपहास गरेको आरोप लगाएका छन् । उनीहरूले प्रधानन्यायाधीश जबरालाई अवरोध नगर्न पनि आग्रह गरेका छन् । सोमबार पत्रकार सम्मेलनको आयोजना गरेर उनीहरूले जबरालाई नजरबन्दमा राखेर सरकारले गैरकानुनी, गैरसंवैधानिक कार्य गरेको भन्दै आपत्ति जनाएका हुन् । देशमा विधिको शासन कायम हुनुपर्ने उनीहरूको माग छ ।

संसदको कार्यकाल सकिएसँगै आफूमाथि लगाइएको महाभियोग निष्क्रिय भएको भन्दै निलम्बित प्रधानन्यायाधीश जबरा आइतबार सर्वोच्च अदालत जाने तयारीमा थिए । जबरा पुर्व निर्धारित समयअनुसार सर्वोच्च निस्कनुअघि नै उनको निवासको गेटमा प्रहरीले तालाबन्दी गरेको समाचार बाहिरिएका थिए । उनलाई सर्वोच्चमा प्रवेश गर्न नदिन नेपाल बार र सर्वोच्च बार कानुन व्यवसायीहरू धर्नामा बसेका थिए । अदालत परिसरमा प्रवेश गर्न नदिन व्यापक प्रहरी परिचालन समेत गरिएको थियो । जबराले नै आफूलाई नजरबन्दमा राखिएको प्रतिक्रिया दिएपछि मानवअधिकार आयोगको टोली नै उनको निवासमा पुगेको थियो । पत्रकार सम्मेलनमा राजनीतिक विश्लेषक प्रकाश रायमाझीले देश अहिले अराजकताको अवस्थामा रहेको बताए । जनहितविपरित जारी भएको संविधान पूर्ण रूपमा निस्तेज भएको उनको भनाइ थियो । अहिले नेपाल समस्यामा फसेको उल्लेख गर्दै उनले समस्याको घडीमा नेपाली सेना तमासा मात्र हेरेर बस्न नहुने धारणा राखे । सेनाले देशलाई निकास दिनुपर्ने धारणा राखे ।

उनले चोलेन्द्रलाई बलिको बोको बनाएर दलहरूले राजनीति गरिरहेको पनि टिप्पणी गरे । उनले अब नेपाली नागरिकहरू चुप बस्न नहुने भन्दै देश जोगाउने जिम्मेवारी आम नागरिकको पनि भएको भन्दै सडकमा आउन आह्वान गरे ।

उनले अहिले न्यायालयमा आगो बालिरहेको भन्दै आगो लगाउने तत्वको खोजी गर्नुपर्ने पनि बताए । अहिलेको व्यवस्थाबाट जनता आत्तिसकेको उनको भनाइ थियो । रायमाझीले एमालेलाई तेस्रो लिंगी पार्टीको संज्ञा दिँदै उनले एमालेले निलम्बित प्रधानन्यायाधीश बरालाई सहयोग नगरेको आरोप लगाए ।

त्यस्तै, वरिष्ठ अधिवक्ता धुव्रलाल श्रेष्ठले निलम्बित प्रधानन्यायाधीश जबराको संलग्नता न्यायिक निष्ठाविपरित थियो भने प्रमाणले पुष्टचाइँ गर्नुपर्ने बताएका छन् ।

## एन.ई.पी.सी.ए.एन. एजुकेशन सर्भिसेज (प्रा.लि.) को खारेजी (लिक्वीडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनि ऐन २०६३ बमोजिम मिति २०७८/०४/१८ मा दर्ता भएको प्रा.लि. नं. २६६५२४/७८/७९ को एन.ई.पी.सी.ए.एन. एजुकेशन सर्भिसेज प्रा.लि.लाइ खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनि ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०६/०२ गतेको बिशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण धन एबं कोहि कसैको बाँकि बक्यौता लेनदेन आदि भएमा स प्रमाण सहित हकदाबी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बबरमहल काठमाण्डौंमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्वीडेटर
शेर बहादुर रोकाया
लिक्वीडेटरको कार्यालय
बबरमहल काठमाण्डौं
इजाजत पत्र नं.२८७
फोन नं ९८४१३४०४०३


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUAT LAI RESOURCES BERHAD
पूर्व स्वीकृति मिति : २०७९/०६/०२ | LT. No. 272097 | चलानी नं.६०१८७९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Poultry Farming | 100 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Api Manpower Solutions Pvt Ltd**
Lic No. 1115/073/074
Kusunti-14, Lalitpur, Nepal
Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com



फ्रि भिषा !! फ्रि टिकट !!

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEYONICS PRECISION (MALAYSIA) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०२/२० | पुन विज्ञापन स्वीकृति मितिः २०७९/०६/०३ | LT. No. 264062 | चलानी नं. ६०१८०४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VNANO PRECISION ENGINEERING SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०६/०२ | LT. No. 272017 | चलानी नं. ६०१८७९६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 6 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HAPPY FAMILY RESTAURANT SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/०२ | LT. No. 272018 | चलानी नं. ६०१८७९६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurent Workers | 5 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १० गते (26th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 272017 र 272018 मितिः २०७९/०६/०३ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FUNOON FAHD BIN HUMAIDAN AL HUMAIDAN CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०७८/११/११ | पून विज्ञापन स्वीकृति मिति २०७९/०६/03 | LT. No. 257448 | चलानी नं. ६०१७२२६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 8 | 0 | 1000 | ३३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १० गते (26th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UA MATERIALS SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/03 | LT. No. 272258 | चलानी नं. ६०१८७९९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aadarsha Human Resources Pvt. Ltd**
श्रम ईजाजत नं. १०२९/०६८/०६९
Sinamangal-9, Airport Kathmandu, Nepal. Tel: +977 1 4112702, 4112704
Fax: +977 1 4112703 Email: aadarshahr@gmail.com
Website : www.aadarshahr.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KANNA CURRY HOUSE
पूर्व स्वीकृति मिति : २०७९/०५/०९ | पुन विज्ञापन स्वीकृति मितिः २०७९/०६/03 | LT. No. 269848 | चलानी नं. :६०१८६१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 10 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shahi Global Careers Pvt. Ltd.**
श्रम ईजाजत नं. १२९८/७४/७५
Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025
E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANA SALEH ALI AL KARBI TRADE MARKETS
पूर्व स्वीकृति मिति २०७९/०६/०२ | LT. No. 272128 | चलानी नं. ६०१८७९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gas Station Worker | 2 | 0 | 1500 | ५०,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shelving Filler | 1 | 0 | 1500 | ५०,९२५ | | | | | | | |

कम्पनी : SULTANAH BADER SULTAN AL MUTAIRI RESTAURANT FOR SERVING MEALS
पूर्व स्वीकृति मिति २०७९/०६/०२ | LT. No. 272085 | चलानी नं. ६०१८७९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1500 | ५०,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Govt. Licence No.: 1312/074/75
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



**Fewa HR Solutions Pvt. Ltd.**
श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः RED DOT COMPANY LTD.
पूर्व स्वीकृति मिति : २०७९/०३/१० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/०२ | LT. No. 265860 | चलानी नं. ६०१८१७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 4 | 0 | 2200 | ७४,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६१,११० | | | | | | | |

कम्पनीः RAFEE RASHED KHARBAT METAL INDUSTRY FACTORY
पूर्व स्वीकृति मिति : २०७८/०४/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/०२ | LT. No. 242668 | चलानी नं. ६०१६०३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal Doors Steel Fixer | 1 | 0 | 1200 | ४०,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### फेरि नदोहोरियोस् बेथिति

वैदेशिक रोजगार नेपाली युवाहरूका लागि बाध्यात्मक बन्दै आएको कुरा सबैलाई जगजाहेर नै छ । मुलुकभित्र रोजगारीको पर्याप्त अवसर नहुँदा युवाहरू विदेशिनुपरिरहेको अवस्था वर्षौंदेखि चल्दै आएको छ । यो क्रम अझै केही वर्ष निरन्तर चल्ने निश्चित छ । त्यसो त वैदेशिक रोजगार नेपालमा विदेशी मुद्रा भित्र्याउने प्रमुख माध्यम बनिरहेको अवस्था छ । वैदेशिक रोजगारीमा गएका युवाहरूले पठाएको रेमिट्यान्सले मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँदै आएको छ । निरन्तर ठूलो व्यापार घाटा बेहोर्दै आएको नेपाललाई रेमिट्यान्सबाट भित्रिने रकमले विदेशी मुद्रा सञ्चितिमा त्राण भरिरहेको छ ।

यसरी मुलुकको अर्थतन्त्रमा योगदान पुऱ्याउने वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि सरकारले ८०० भन्दा बढी म्यानपावर कमपनीहरूलाई अनुमति दिएको तथ्यांक छ। अनुमति लिएको अधिकांश म्यानपावर कम्पनीहरू सञ्चालनमा रहेका छन्। युवाहरूलाई वैदेशिक रोजगारीमा पठाउने तिनै म्यानपावरहरूबाट ठगी कार्य नहोस् र युवाहरूले सहज रूपमा रोजगार गन्तव्य मुलुकमा जान पाओस् भन्ने कार्यको नियमन तथा अनुगमन गर्ने कार्यको जिम्मेवारी वैदेशिक रोजगार विभागलाई दिइएको छ । त्यस्ता कम्पनीहरूले विभिन्न जिल्लामा शाखा तथा सम्पर्क कार्यालयहरू खोलेर युवाहरूलाई विदेश पठाउने कार्य गर्दै आएकामा केही कम्पनीका शाखा कार्यालयहरूबाट ठगी कार्य भएको भन्दै विभागले यसअघि शाखा तथा सम्पर्क कार्यालयहरू बन्द गराएको थियो। र, शाखा कार्यालय खोल्नका लागि अनुमति बन्द गरेको थियो ।

तर, विभागले आइतबार एक सूचना जारी गरी म्यानपावर कम्पनीलाई देशभित्र शाखा कार्यालय सञ्चालन गर्न अनुमति दिने जनाएको छ। सूचनामा जनाइएअनुसार कुनै पनि म्यानपावर कम्पनीले स्वदेशमा शाखा कार्यालय खोल्न चाहेमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४(२) तथा नियमावली २०६४ को नियम ४७ (२) बमोजिम विभागमा निवेदन दिन सकिनेछ । यसका लागि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाले स्वदेशमा शाखा कार्यालय सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ को प्रक्रिया पूरा गरी निवेदन पेस गर्न विभागले आग्रह गरेको छ ।

शाखा कार्यालय सञ्चालनका लागि म्यानपावर कम्पनीले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र लिएको कम्तीमा एक वर्ष पूरा भएको हुनुपर्ने विभागले जनाएको छ। यसैगरी एउटा इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीले बढीमा छ वटासम्म शाखा कार्यालय खोल्न पाउने छन्। तर, विभागले एक प्रदेशमा एकभन्दा बढी शाखा खोल्न नपाइने उल्लेख गरेको छ । विभागले तोकेको मापदण्डअनुसार वार्षिकरूपमा तीन हजार जना कामदार पठाउने म्यानपावरले तीन वटासम्म, पाँच हजार जना पठाउने कम्पनीले पाँच वटासम्म र पाँच हजारभन्दा बढी कामदार पठाउने कम्पनीले बढीमा छ वटासम्म शाखा कार्यालय खोल्न अनुमति पाउने छन्। प्रस्तावित शाखा कार्यालयको भौतिक पूर्वाधार निरीक्षण तथा प्रतिवेदन विभागबाट तोकिएपछि मात्र गर्नुपर्ने उल्लेख गरिएको छ ।

म्यानपावर कम्पनीलाई शाखा खोल्न अनुमति दिने विभागको पछिल्लो निर्णयलाई सकारात्मक रूपमा लिन सकिन्छ। यसरी शाखामार्फत सेवा विस्तार गर्दा सम्बन्धित क्षेत्रका युवाहरूले त्यहींबाट वैदेशिक रोजगारीका लागि प्रक्रिया अगाडि बढाउन सहज हुनेछ। तर, विगतमा जस्तो शाखा वा सम्पर्क कार्यालयमार्फत हुने ठगीका घटनाहरू फेरि नदोहोरिएला भन्न सकिन्छ। यसतर्फ सरोकारवाला निकाय सचेत बन्नुपर्छ। शाखा कार्यालय सञ्चालनका लागि अनुमति दिएसँगै त्यसको पर्याप्त अनुगमन र नियमनका लागि विभागले आफ्नो संयन्त्र परिचालन गर्नुपर्छ। त्यस्ता घटनामा संलग्न भएको पाइए तत्काल कडा कदम विभागले चाल्नुपर्छ।

वैदेशिक रोजगार व्यवसायीहरूले पनि शाखा खोल्ने अनुमतिलाई अवसरको रूपमा सदुपयोग गर्नुपर्छ । व्यवसायलाई मर्यादित बनाउने पहिलो जिम्मेवारी व्यवसायीकै हो । त्यसैले वैदेशिक रोजगार व्यवसायलाई बद्नाम हुन नदिने गरी शाखा कार्यालयमार्फत सेवा विस्तार गर्न ध्यान पुगोस्। शाखामार्फत फेरि बेथिति नदोहोरियोस् ।

## मनन्योग्य

### चाणक्य नीति

नांगा तरबार लिएका सैनिकका साथ हातमा हतकडीले जकडिएका, महाक्रान्तिका दिव्यदीपक बाल्ने त्यागी बाहमण चणकलाई जेलखानमा बन्दी बनाइयो ।

कतैबाट उज्यालो नआउने जेल, अँध्यारो छिडी जसमा ढुंगाको एउटा टुक्रामा चणक शिर राखी आकाशपट्टि मुख पारेर केही सोचिरहेका थिए । त्यस्तैमा एकापट्टिबाट राक्षसले प्रवेश गयो, एकछिन चणकलाई हेरेर राक्षसले भन्यो-' भन चणक अंब के सोचिरहेका छौं ?'

सोचिरहेछु, महानन्दको अत्याचारले आजित भएर पृथ्वी किन काप्दैव निर्दोष प्रजाको हत्या, अवलाहरूको सतित्वसँग खेल्ने महानन्द यी सबैका श्रापबाट किन मर्दैन ? कुन उद्देश्यले राक्षसजस्तो बुद्धिमान् व्यक्तिले देशमा एउटा अत्याचारीका साथ आफूलाई सुम्पिएको छ ? खालि उसका लागि यो राजभक्ति कलंक नबनोस् ।

यसका पछाडि अरू कुनै आकांक्षा छ महामात्यको ? चणकले उत्तेजित स्वरमा भने- 'आश्चर्य त यो छ कि यत्रो अत्याचार हुँदा पनि प्रजाले अहिलेसम्म विद्रोह किन गरेनन् ।' राक्षसले भने- 'म रहुन्जेल विद्रो सम्भव छ। राजद्रोहका लागि मृत्युदण्डको आभास सबैलाई भइसक्यो । यदि तिमी महाराजका चरणमा परी क्षमा माग्दछौं भने सायद म प्राणको भीक्षा दिलाउन सक्छु।'

चणकले भने-'क्षमा ! त्यो पनि त्यस निचसँग ? अहँ ... राक्षस ! देखौला मेरो बलिदानले एकदिन अवश्य सार्थकता पाउनेछ।'

हुँ... हुँकार गर्दै 'बुढ्यौली लागेपछि ब्राह्मणको बुद्धि सकिएको रहेछजस्तो लाग्यो, डोरी बलेर खरानी भइसक्यो । तर डोरीको बल अझ शेष (बचेको छ) राक्षसले आवेशमा आएर फतफतायो, त्यसपछि अँध्यारो कालकोठरीबाट बाहिर निस्कियो । *क्रमश* :

# 'संविधान कार्यान्वयनमा प्रतिनिधिसभाको भूमिका ऐतिहासिक रह्यो'

*नेपालको संविधान जारी भएपछि २०७४ सालमा निर्वाचित प्रतिनिधिसभाको कार्यकाल सकिएको छ । दुई/दुई पटक विघटन भएर पनि सर्वोच्च अदालतको आदेशपछि सदनले पूर्ण कार्यकाल पूरा गरेको छ । सुरूआती दिनमा भन्दा पनि पछिल्ला दिनमा प्रतिनिधिसभाले जनपक्षीय काम गरेको चर्चा भइरहेको छ । बजेट अधिवेसनमा नै ३० वटा विधेयक पारित भएको छ । यसैक्रममा चिनियाँ जनकंग्रेसका अध्यक्षको नेपाल भ्रमणसमेत सम्पन्न भएको छ । ऐतिहासिक राष्ट्रिय एकता कायम गरेर संविधान संशोधनमार्फत सोही सदनले नेपालको चुच्चे नक्सा जारी गरेको छ । प्रतिनिधिसभाको पछिल्लो कार्यकाल, यसले निर्वाह गरेको भूमिका तथा संघीय सदनको नेतृत्वका हिसाबले निर्वाह गरेको भूमिकालगायतका विषयमा **सभामुख अग्निप्रसाद सापकोटा**सँग राससका समाचारदाताद्वय **रमेश लम्साल** र **अशोक घिमिरे**ले गरेको कुराकानीः*

**नेपालको संविधान जारी भएपछि गठन भएको प्रतिनिधिसभाको अधिवेसन शनिबार मध्यरातदेखि सकिएको छ । संसद्को नेतृत्वका आधारमा यहाँले यो संसद्को कार्यकाल र भूमिकालाई कसरी लिनुहुन्छ ?**

यो कार्यकाल धेरै उतार चढावपूर्ण रह्यो। समस्या र चुनौतीहरू खडा भए। तर, ती चुनौती र समस्याको सामना पनि भयो। समग्रमा यो कार्यकाल चुनौती र समस्याका बाबजुद सफल भयो भन्ने लाग्छ। प्रतिकूल परिस्थितिका बीचबाट पनि संसद्ले आफ्नो काम कारबाही अगाडि बढायो। विश्वव्यापीरूपमा देखापरेको कोरोना महामारी, राजनीतिक संकट र जलवायु परिवर्तनको संकटलाई झेल्दै प्रतिनिधिसभाले आफ्ना काममा महत्त्वपूर्ण सफलता हासिल गरेको छ।

**संसद् बैठक अन्त्यपछि यहाँले भविष्यका लागि वर्तमान प्रतिनिधिसभाले दिएको सन्देश स्मरणीय रहनेछ भन्नुभयो, यसलाई अलि प्रस्ट्याइदिनुस् न ।**

थुप्रै समस्या र चुनौतीका बीच यो प्रतिनिधिसभाको कार्यकाल गौरवपूर्ण रह्यो। दुई/दुई पटक प्रतिनिधिसभा विघटन र पुनःस्थापना भयो। यस अर्थमा संविधान र व्यवस्थाको रक्षा भएको छ। हामीले नियमित प्रक्रियाबाट सबै विषय अगाडि बढाएका छौं। निर्वाचनको घोषणा भएको छ। समस्या र चुनौती आए पनि समाधान गर्न सकिन्छ भन्ने कुरा पछिल्लो ११औं अधिवेसनमा मिलेको सफलताले पुष्टि गर्छ।

**के आधारमा सफलता मिल्यो भन्न सकिन्छ ?**

पछिल्लो अधिवेसन बजेट अधिवेसन हो। सो अधिवेसनमा महत्त्वपूर्ण विधेयक पारित गर्न त सफलता हासिल गऱ्यौं नै। बजेट अधिवेसन भएर पनि ३० वटा विधेयकमाथि घनिभूतरूपमा छलफल भएर पास हुनु भनेको यो धेरै महत्त्वपूर्ण उपलब्धि हो। यस्तै संघीय संसद्लाई जीवन्त र जनमुखी बनाउने भनेका थियो। साँच्चै यो पछिल्लो चरणमा जीवन्त र जनमुखी पनि भयो। सार्वजनिक महत्त्वका प्रस्ताव, ध्यानाकर्षण प्रस्ताव तथा बैठक स्थगनसम्मका प्रस्तावमा पनि हामीले छलफल चलायौं। कतिपय राष्ट्रिय जीवनका महत्त्वपूर्ण सवालमा सभामुखकोतर्फबाट रुलिङ भयो। सम्बन्धित मन्त्रीले जवाफ दिने काम भयो। समग्रमा यो कार्यकाल गौरवपूर्ण नै रह्यो भन्न सकिन्छ।

**के-कस्ता विषयमा रुलिङ भए ? त्यसले जनतामा के प्रभाव पारेको देख्नुभयो ?**

प्राकृतिक प्रकोप बाढी, पहिरो, कोरोना महामारी, किसानका समस्यालगायत जनचासोका विषयमा सरकारलाई निर्देशन दिने काम भयो। संसद्को निर्देशनपछि समस्या समाधानका लागि सरकारको पहल बढेको छ। महिलाको समानुपातिक, समावेशी सभागिता, मलखादको समस्या समाधान, किसानका अन्य समस्या समाधानमा रुलिङ भयो। त्यसको रुलिङको प्रभाव परेको र सरकारले बढ्ता पहलकदमी लिएको देखिएको छ।

**संविधान कार्यान्वयनको दृष्टिकोणबाट संसद्को भूमिका कस्तो रह्यो ?**

समग्रमा यो कार्यकालमा कानुन निर्माणमा उल्लेख्य सफलता हासिल भएको छ। १०२ वटा विधेयक पारित भएका छन्। मेरो आफ्नो कार्यकालको कुरा गर्दा निकै उतारचढावपूर्ण रह्यो। विभिन्न खालका चुनौती खडा भए। एक वर्षका अवधिमा दुई/दुई पटक संसद् विघटन र पुनःस्थापना भयो। विघटन र पुनःस्थापनालाई लिएर सिंगो राष्ट्र एक भयो। सडक, सदन र सर्वोच्च अदालतसम्म घनिभूत बहस भयो। विगत असाध्यै सकसपूर्ण देखियो। जनप्रतिधिमूलक संस्था पुनःस्थापना हुँदा गौरवपूर्ण अवस्था पनि आयो।

**विपक्षी दलले यहाँमाथि विभिन्न आरोप लगाउने काम भयो । यहाँमाथि किन प्रश्न उठ्यो ?**

यी आरोप निराधार छन्। मैले शपथ लिएपछि आफ्नो भूमिका निष्पक्ष, स्वतन्त्र र तटस्थ हुनुपर्छ भन्ने संकल्प लिएँ। सभामुखको जिम्मेवारीलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि तटस्थ, स्वतन्त्र र निष्पक्ष हुनुपर्छ भन्ने विषयलाई गहिरो गरी आत्मसात् गरें। दोस्रोपटक प्रतिनिधिसभा विघटन हुँदा मैले जवाफ पठाउने क्रममा मैले संसद् पुनःस्थापना हुनुपर्छ भन्ने एजेण्डा मेरो हो। प्रतिनिधिसभा पुनःस्थापनाको मागसहित देशभर प्रदर्शन भइरहँदा मैले प्रतिनिधिसभा पुनःस्थापना हुनुपर्छ निरन्तर भूमिका खेल्दै आएँ। संवैधानिक परिषद्सम्बन्धी विषयमा म आफैं सर्वोच्च अदालतमा सशरीर उपस्थित भएर संविधान मिचिएका विषयमा मुद्दा दायर गरें। संविधान रक्षाका लागि कुनै पनि कसर बाँकी राखिन। यस अर्थमा मैले स्वतन्त्र, निष्पक्ष र तटस्थ भूमिका निर्वाह गरेको छु। मलाई जुन आरोप लगाउन कोसिस गरियो ती आरोप निराधार थिए भन्ने कुरा पछिल्ला दिनमा शानदार ढंगले पुष्टि भएको छ।

**पछिल्ला दिनमा राष्ट्रिय मुद्दामा गहन छलफल भयो । यसअघि नौ महिनासम्म संसद्मा अवरोधको स्थिति पैदा भयो । यसलाई कसरी लिनुहुन्छ ?**

लगातारको संसद् अवरुद्धले संसदीय प्रक्रियामा ठूलो असर गऱ्यो। अवरोधका कारण मेरो योग्यता, क्षमता र कौशलको सिर्जनात्मक र रचनात्मक ढंगले अगाडि बढाउन बाधा पऱ्यो। दलबीच समन्वय र समझदारी गर्ने विषयमा मैले बढी समय दिनुपऱ्यो। राष्ट्रिय जीवनका ख्याति प्राप्त व्यक्तित्व, संविधानविद्, विधिवेत्ता, पार्टीका नेता तथा पत्रकारसँग सघन र बृहंगम छलफल गरें। जतिसुकै चुनौतीको सामाना गर्नु परे पनि हामीले ती चुनौतीलाई चिर्दै काम गऱ्यौं। तर, हामीले चाहेजस्तो वातावरण बनेन।

**संसद् सञ्चालनसम्बन्धी नियमावली कार्यान्वयनमा के-कस्ता जटिलता सामना गर्नुभयो ?**

हाम्रो संविधानले परम्परागत संसदीय व्यवस्था नभई सुधारिएको संसदीय व्यवस्था अंगालेको छ। यस अर्थमा संविधानको वास्तविक कार्यान्वयनबाट मात्रै संविधान समृद्धि हुन्छ। बौद्धिक बहस छलफलले मात्र हुँदैन। नियमावलीका सन्दर्भमा कतिपय अस्पष्टता, अन्तरविरोध र कमीकमजोरी हुँदाहुँदै पनि संशोधन गर्न नसक्दा त्यसलाई ठीक मान्नु परिरहेको अवस्था छ। दलका बीचमा समझदारी बन्न नसक्दा नियमावली संशोधन गर्न नसक्दा केही जटिलता भए। मूलभूतरूपमा सदनमा समन्वय र समझदारी कायम गर्नुपर्ने अवस्था रह्यो। केही समय समझदारी गर्न कठिन भयो। सदन अवरुद्ध भइरह्यो। तर, पछि समन्वय र समझदारी भएपछि संसद् अगाडि बढ्यो।

**जनप्रतिनिधिमूलक थलो संसद्मा गणपूरक संख्या नपुगेका कारण बारम्बार बैठक स्थगित गर्नुपर्ने अवस्था देखियो, किन यस्तो अवस्था आयो ?**

सांसद जनप्रतिनिधि पनि हुन्। जनप्रतिनिधिले जनताको समस्यामा समाधान गर्न पनि भूमिका खेल्नुपर्ने हुन्छ। सांसदले सदनका कामकारबाहीमा महत्त्वपूर्ण भूमिका खेलोस् भन्ने पनि हुन्छ। अर्कोतर्फ आ-आफ्नो क्षेत्रमा विभिन्न योजना परोस् भन्ने पनि जनचाहना हुन्छ। योजनाका लागि पलहकदमी लिनुपर्ने दायित्व पनि सांसदमा छ। यी विविध कारणले गर्दा कहिलेकाहीँ पातलो उपस्थितिमा पनि संसद् चलाउनुपर्ने, घण्टी बजाएर सांसदलाई एकीकृत गर्नुपर्ने अवस्था पनि आयो। एकाध पटक मात्रै गणपूरक नपुगेर संसद्को बैठक स्थगित गर्नुपऱ्यो। तर, धेरैजसो समय सबै सांसदलाई एकीकृत गरेर बैठक चलायौं। तय भएका कार्यसूचीलाई पारित पनि गऱ्यौं। त्यसमा कुनै अवरोध भएन। त्यसकारण यस विषयलाई मैले सामान्यरूपमा नै लिएको छु।

**संघीयता कार्यान्वयनसँग जोडिएका केही महत्त्वपूर्ण विधेयकलाई संघीय संसद्ले अगाडि बढाउन सकेन, यसलाई कसरी लिनुहुन्छ ?**

संसद्को नेतृत्वका हिसाबले सभामुखका तर्फबाट महत्त्वपूर्ण विधेयकलाई अगाडि बढाउने सवालमा कमी भयो भन्ने मलाई लाग्दैन। संघीय निजामती कर्मचारी ऐन नभएको हुनाले त्यसले अलिक ठूलै असर पारिरहेको छ भन्ने देखिन्छ। त्यसले अलिक खट्कने भइरहन्छ नै। अरु केही एकाध विषय पनि छन्। मिडिया काउन्सिल विधेयक पनि थियो। प्रयत्न गर्दागर्दै निष्कर्षमा पुग्न सकेन। कार्यसूचीमा राखेर नै हटाउनुपऱ्यो। पुनः प्रतिनिधिसभाबाट त पठाइयो। तैपनि निष्कर्षमा पुग्न सकेन। एकाध यस्ता विधेयक त छन्। प्रश्नमा भनिएजस्तै यो महत्त्वपूर्ण विषय छुटेको पक्कै हो। यो छुट्नै नहुने छुटेको छ। अरु पनि महत्त्वपूर्ण नै छन्, तर यही स्तरमा नै छुट्न नहुनेजस्तो लागेको छैन।

दुई-दुई पटकको संसद् विघटन, निरन्तरको अवरोधका साथसाथै कोरोना महामारीजस्ता कारणका बीचमा संसद्को नेतृत्व गर्दाको अनुभवलाई कसरी स्मरण गर्नुहुन्छ ?

हामी धेरै जटिलतालाई चिरेर अगाडि बढ्यौं। धेरै गर्व गर्नलायक काम सम्पन्न गरेका छौं। यसबीचमा सम्पन्न गरेको सबैभन्दा महत्त्वपूर्ण कामका रूपमा संविधान संशोधन गरेर नेपालको नयाँ नक्सा सार्वजनिक गऱ्यौं। त्यो वास्तवमा समग्र कार्यकालको र मेरो कार्यकालको सबैभन्दा गौरवपूर्ण काम हो भन्ने लाग्छ। किनभने, त्यस विषयमा अभूतपूर्व राष्ट्रिय एकता कायम भएको थियो। पछिल्ला दिनमा हामीलाई पनि लागेको थियो, गरे त हुँदो रहेछ नि त। गरे त सकिँदो रहेछ नि त भन्ने सन्देश गयो। दलका बीचमा समझदारी कायम गर्न सकिन्छ। सक्नुपर्छ भन्ने कुरामा हामीलाई सधैंभरि आत्मविश्वास जगाइरहनेछ।

कार्यान्वयन गर्ने कुरामा अझै सम्बन्धित निकायले बुद्धिमत्तापूर्ण, कौशलतापूर्वक र गम्भीरतापूर्वक लाग्नुपर्छ। त्यो धेरै ठूलो विषय हो। हाम्रो राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र सार्वभौमसत्ताको परिचयका रूपमा त्यो स्थापित हुनुपर्छ। तर, जे भए पनि हामीले संसद्बाट निर्वाह गर्नुपर्ने कर्तव्य निर्वाह गऱ्यौं। त्यो गर्व गर्नलायक विषय नै बन्यो।

**यही बीचमा चिनियाँ जनकंग्रेसका अध्यक्षको नेपाल भ्रमण पनि भयो । दुई देशबीच संसदीय सहकार्यका विषयमा महत्त्वपूर्ण सहमति भयो । खास अर्थमा त्यो भ्रमणको सन्देश के रह्यो भन्ने ठान्नुहुन्छ ?**

त्यो भ्रमणले हाम्रो संसदीय इतिहासमा नै नयाँ आयाम थपेको छ। धेरै सकारात्मक सन्देश दिएको छ। चीन सरकार र नेपाल सरकारकाबीचमा पहिलेदेखि सुमधुर सम्बन्ध र प्रगाढ रहँदै आएको छ। यति व्यवस्थित ढंगको समझदारी यहाँभन्दा अगाडि अर्को देशको संसद्सँग भएको छैन। यो इतिहासमै पहिलो हो। यो भ्रमणले महत्त्वपूर्ण सन्देश यो दिएको छ कि अबको बद्लिँदो विश्व परिवेशमा हामीले जनताको जनप्रतिनिधिमूलक संस्था संसद्-संसद्बीचको सम्बन्ध, त्यसका माध्यमबाट जनता-जनताबीचको सम्बन्धलाई अझ सघन, अझ घनिभूत बनाउनुपर्ने आवश्यकता महसुस भइरहेका बेलामा छिमेकी मित्रराष्ट्र जसले अहिले धेरै ठूलो प्रगति गरेको छ। अझ ठोसरूपमा भन्नुपर्दा गरिबी निवारणमा चामत्कारिक सफलता हासिल गरेको छ।

प्रविधिका माध्यमबाट विकास र निर्माणको काम भएको छ। त्यसबाट हामीले धेरै कुरा सिक्न सक्छौं। यस अर्थमा हामीले पनि चीनलाई धेरै बुझ्नुपर्ने आवश्यकता थियो। चीनले पनि हामीलाई बुझ्नुपर्ने आवश्यकता थियो। यस अर्थमा चिनियाँ जनकंग्रेसका स्थायी समितिका अध्यक्ष, संविधानतः उहाँ राज्यको दोस्रो वरीयताको व्यक्तित्व एवं नेता यहाँ आएर चार दिनसम्म बस्नुभयो। सोही क्रममा उहाँले राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रमुख पार्टीका नेताहरूलाई भेट्ने र ऐतिहासिकस्थलको भ्रमण गर्ने काम भयो। उहाँहरूले नै निर्माण गरिदिएको सबै हिसाबले व्यवस्थित संसद् भवनमा नै सबै काम केन्द्रित हुनुले भविष्यका लागि सबैलाई सुस्पष्ट मार्गदर्शन गरेको छ। एकअर्कालाई बुझ्ने काम भएको हुनाले पनि वा हामीले गरेका द्विपक्षीय सम्झौता र समझदारी कार्यान्वयन गर्न यसले मजबुत आधार बनाएको छ। यस अर्थमा यो भ्रमण ऐतिहासिक कोसेढुंगा सावित भयो भन्ने लाग्छ।

**समझदारीपत्रमा बिआरआईका विषयलाई स्मरण गरिएको छ । जनप्रतिनिधिमूलक थलोबाटै सो परियोजनाका बारेमा स्मरण गरिएपछि अब प्रगतितर्फ लाग्छन् भन्ने ठान्न सकिन्छ ?**

हाम्रो तर्फबाट राष्ट्रपतिको भ्रमण हुँदा, उताबाट महामहिम राष्ट्रपतिको भ्रमण हुँदा, प्रधानमन्त्रीको भ्रमण हुँदा वा विभिन्न तहमा भ्रमण पनि भएका छन्। पहिल्यै सहमति गरेका कुरालाई देशकै सर्वोच्च जनप्रतिनिधिमूलक संस्थाकोतर्फबाट फेरि एकपटक स्मरण गर्नु वाञ्छनीय भएकाले स्मरण गरिएको हो। स्मरण गर्ने कुरा आवश्यक थियो। त्यही आवश्यकता महसुस गरेर स्मरण गराइएको हो। पुनःस्मरणले ती आयोजना कार्यान्वयनका लागि गति प्रदान गर्ने कुरामा सहयोग पुग्छ भन्ने मलाई लाग्छ।



अग्निप्रसाद सापकोटा
सभामुख

> प्रतिनिधिसभाको यो कार्यकाल समग्रमा चुनौती र समस्याका बाबजुद सफल भयो भन्ने लाग्छ । प्रतिकूल परिस्थितिका बीचबाट पनि संसद्ले आफ्नो काम कारबाही अगाडि बढायो । विश्वव्यापीरूपमा देखापरेको कोरोना महामारी, राजनीतिक संकट र जलवायु परिवर्तनको संकटलाई झेल्दै प्रतिनिधिसभाले आफ्ना काममा महत्त्वपूर्ण सफलता हासिल गरेको छ ।

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

# संविधानले समाजलाई राष्ट्रिय एकताको सूत्रमा बाँधेको छ : प्रदेश प्रमुख गुरुङ

■ प्रभाव संवाददाता




**पोखरा–** गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले वर्तमान संविधानले नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताको सूत्रमा बाँधेको बताएका छन् ।

संविधान दिवस २०७९ का अवसरमा गण्डकी प्रदेश सरकार मूल समारोह समितिद्वारा सोमबार आयोजित विशेष कार्यक्रममा प्रदेश प्रमुख गुरुङले वर्तमान संविधानले सामन्ती, निरङ्कुश र केन्द्रिकृत राज्यव्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरेको बताए । उनले बलिदानीपूर्ण संघर्षबाट मुलुकमा राजनीतिक परिवर्तन भएको बताए । आगामी हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन नेपालको संविधान कार्यान्वयनका लागि अत्यन्तै महत्पूर्ण रहेको उनको भनाइ छ । उनले जनताका आधारभूत हकअधिकारको कार्यान्वयन गर्दै लोकतान्त्रिक व्यवस्थालाई जनताको जीवन पद्धतिसँग आबद्ध गरी लोकतन्त्रका लाभ आम नागरिकको पहुँचमा पुग्नेगरी वितरण गर्नेतर्फ लाग्नुपर्नेमा उनले जोड दिए ।

गण्डकी प्रदेशका मुख्यमन्त्री एवं मूल समारोह समितिका संयोजक कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेश सम्भावनायुक्त प्रदेश रहेको उल्लेख गर्दै यहाँका सम्भावनालाई उजागर गरी 'समृद्ध प्रदेश सुखी प्रदेशवासी'को लक्ष्यका साथ अघि बढ्नुपर्नेमा जोड दिए । उनले राजनीतिक परिवर्तनसँगै अब आर्थिक समृद्धि र विकासतर्फ लम्कनुपर्ने आवश्यकता औँल्याए । उनले लामो समयको बलिदानीपूर्ण संघर्षको जगमा प्राप्त संविधानले राजनीतिक मुद्दा टुंग्याएको बताए । सिमित साधनस्रोतका बीच प्रदेश सरकारले आफूलाई स्थापित गराउन सफल भएको उनको भनाइ थियो । उनले प्रदेश सरकारको पहिलो पाँच वर्षमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको बताए उनले आगामी दिनमा परिवर्तनकारी शक्ति अझै एकताबद्ध भई समृद्धि र विकासका लागि जुट्नुपर्नेमा जोड दिए ।

गण्डकी प्रदेशसभाका सभामुख नेत्रनाथ अधिकारीले संविधान कार्यान्वयनको अवधिमा बनेका कानुनको कार्यान्वयनको अवस्थाबारे पनि समीक्षा गर्नुपर्ने अवस्था आएको उनको भनाइ छ । उनले संविधानले कल्पना गरेका विषय यसबीचमा कति कार्यान्वयन भए वा भएनन् समीक्षा गरेर अघि बढ्न जरुरी भएको बताए ।

# मिर्गौला रोग : डायलासिसभन्दा प्रत्यारोपण किफायती

**कास्की–** नेपालमा प्रत्येक वर्ष दुई सय जनाको मिर्गौला प्रत्यारोपण गरिएको र ९९ प्रतिशत पूर्ण सफल भएको बताइन्छ ।

सरकारले मिर्गौला प्रत्यारोपणलाई निःशुल्क गरेपछि मिर्गौला फेल भएर अब कुनै पनि नागरिक अकालमा मर्न नपर्ने र यसका लागि राज्यलाई भार परे पनि देशले स्वस्थ नागरिक पाएको शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठ बताए ।

नेपालमा पाँच वर्षअघि सुरु गरिएको प्रत्यारोपण सेवामा हालसम्म एक हजार जनाको सफलरूपमा मिर्गौला प्रत्यारोपण गरिएको छ । काठमाडौंबाहेक पोखरामा समेत गत असारदेखि सो प्रत्यारोपण सेवा सुरु भएकामा हालसम्म तीन जनाको प्रत्यारोपण गरिएको र छिट्टै सुर्खेतमा पनि सेवा विस्तारको तयारी भएको प्रत्यारोपण केन्द्रले जनाएको छ ।

राष्ट्रिय प्रत्यारोपण केन्द्रले आइतबार साँझ पोखरामा आयोजना गरेको मस्तिष्क मृत्युपश्चात् हुने अंगदान र प्रत्यारोपणसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा कार्यकारी निर्देशक एवं कलेजो र मिर्गौला प्रत्यारोपण विज्ञेषज्ञ डा श्रेष्ठले प्रत्यारोपणपछि बिरामी र परिवारले गुणस्तरीय जीवन जीउन पाउने भएकाले डायलासिसभन्दा प्रत्यारोपण बढी किफायती रहेको बताए ।

निःशुल्क डायलासिस सेवा उपलब्ध हुँदा बिरामीको झुकाव यसमा बढी पाइएकाले सरकारले विसं २०७४ वैशाख २ देखी राष्ट्रिय प्रत्यारोपण केन्द्रमा पूर्णरूपमा निःशुल्क प्रत्यारोपण सेवा सुरु गरिएको डा श्रेष्ठले जानकारी दिए । उनले भने, 'डायलासिसमा बस्दा बिरामी र बिरामीका परिवार सधैं अस्पताल आउने जाने गर्दा अत्यन्त कष्टकर जिन्दगी बिताउनुपर्ने हुन्छ । प्रत्यारोपणपछि राष्ट्रलाई उत्पादनशील नागरिक प्राप्त हुने, बिरामी दीर्घायु हुने र राष्ट्रलाई आर्थिक भार पनि कम पर्ने भएकाले प्रत्यारोपण कार्यलाई निःशुल्क गरिएको हो ।'

डायलासिस मेसिन तथा उपभोग्य सामान विदेशबाट आयात गर्नुपर्ने कारणले नियमित सञ्चालनका लागि राज्यलाई वार्षिक दुई अर्ब ५० करोडभन्दा बढी आर्थिक भार पर्ने गरेको बताइन्छ । नेपालमा मिर्गौला प्रत्यारोपण सेवा नहुँदा बर्सेनि छ अर्ब रकम देश बाहिर जाने गरेको थियो । स्वदेशमै सेवा सुरु भए पनि विदेश जाने प्रवृत्तिमा अझै कमी आउन नसकेको बताइन्छ । नेपालमै विश्वको उत्कृष्ट प्रत्यारोपण सेवा रहेको केन्द्रको भनाइ छ ।

केन्द्रबाट वर्षमा अधिकतम दुई सयसम्मको मिर्गौला प्रत्यारोपण गर्नसक्ने क्षमता रहेको र पाँच सयको प्रत्यारोपण माग हुने बताइन्छ । सरकारले पछिल्लो समय प्रत्यारोपण कानुनमा परिमार्जन गरेपछि अंगदानको दायरा फराकिलो भई नाता पर्ने जति सबैबाट अंगदान हुनसक्ने व्यवस्था गरेपछि मिर्गौला प्रत्यारोपण सेवाले थप गति लिएको र अंग अभाव कम भएको केन्द्रका विशेषज्ञ डा निभाष श्रेष्ठले बताए ।

नेपालमा बर्सेनि एक हजारको सडक दुर्घटनाबाट मस्तिष्क मृत्यु हुने गरेका तथ्यांक छ । दुर्घटनाबाट भएको मानव मृत्युले प्रत्यारोपण गर्न सकिने अंग खेर गएकाले यसको सदुपयोग गर्न अंगदान सचेतना अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिइएको छ । मानिसको मृत्युपछि खेर जाने मिर्गौला, फोक्सो, मुटु, कलेजो, सानो आन्द्रा र प्याङ्क्रियाजको प्रत्यारोपण गर्न सकिने विशेषज्ञको भनाइ छ । एक जना व्यक्तिबाट खेर जाने अंगबाट आठ जनालाई नयाँ जीवन सम्भव भएको बताइन्छ ।

मस्तिष्क मृत्यु भएको व्यक्तिलाई चिकित्सा विज्ञानले पूर्णरूपमा मृत घोषित गरे पनि यस्तो अवस्थामा मृत व्यक्तिको नातेदारको सहमतिमा अंग निकालेर बिरामीमा प्रत्यारोपण गर्न सकिने कलेजो र मिर्गौला प्रत्यारोपण विशेषज्ञ डा श्रेष्ठले बताए । मस्तिष्क मृत्युपछिको अंग दान, कुनै पनि व्यक्तिको मृत्यु अस्पतालको आइसियुमा भई मस्तिष्क मृत्यु घोषणापछि मात्र सम्भव हुन्छ । घरमा मृत्यु भएको व्यक्तिको अंगदान मरणोपरान्त अंग दान सम्भव नहुने बताइन्छ ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री हीराचन्द्र केसीले सरकारले आधारभूत स्वास्थ्य सेवालाई सबै नागरिकको पहुँचमा पुर्‍याउने लक्ष्य राखे पनि देशभर अझै आधारभूत स्वास्थ्य सेवा विस्तारमा सफल हुन नसकेको बताए । उनले प्रत्यारोपण सेवा अत्यन्त महत्त्वपूर्ण रहेकाले राजधानी बाहिर विस्तारका लागि सरकारले प्राथमिकतामा राखेको बताए । *रासस*


## मोटरसाइकल हराएको–सूचना

मिति २०७९/०५/३० गते बेलुका ६:४५ बजेको समयमा काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. नयाँबानेश्वर स्थित हिमालयन बैंक अगाडि पाकिङ्ग गरी राखेको ठाउँमा बा.प्र ०२,०३७प७७५०को कालो रातो रङ्को Pulsar-220 ABS मोटरसाईकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरीदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी: कस्मिक बचत तथा ऋण सहकारी संस्था लि

ऋणी: पासाङ्ग शेर्पा
ईन्जिन नं.:DKXCNL36649
च्यासिस नं.:MD2A13EXONCL82474
सम्पर्क नं.:9844011359



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०६/०५ मा दर्ता भएको **प्रा.लि. नं. २४२५०३** को **ओसियन फुड्स सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०६/०४

यस कम्पनीको मिति २०७९/०५/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नेपाल क्लोथ हाउस प्रा.लि. (प्रा.लि. नं. १२४६२५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/२९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सफल बस्त्रालय प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०६/०४

यस कम्पनीको मिति २०७९/०५/२० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एम.ए. मल्टिप्रपोज बिजनेश प्रा.लि. (प्रा.लि. नं. २०७१४६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हेभन इन गेष्ट हाउस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEGATRAX PLASTIC INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/03 | LT. No. : 272246 | चलानी नं.: ६०१८७९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 200 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 128/055/56

**Kasturi International Service Pvt. Ltd.**
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: 977-1-4441458, 977-1-4439647, Mob: 9840804807
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHOON HUAT PLASTICS TRADING CO

पूर्व स्वीकृति मिति : २०७९/०६/०३ | LT. No. 271445 | चलानी नं. ६०१८७९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KEDAI ROTI PING LAI (PG0022298-K)

पूर्व स्वीकृति मिति : २०७९/०६/०३ | LT. No. 271687 | चलानी नं. ६०१८७९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SOON XING TRADING

पूर्व स्वीकृति मिति : २०७९/०६/०३ | LT. No. 271688 | चलानी नं. ६०१८७९७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TAIYO INDUSTRIAL SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०६/०३ | LT. No. 271689 | चलानी नं. ६०१८७९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 7 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: +977-9801836213,
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SATRIA INTELLIGENCE AGENCY SDN BHD

पूर्व स्वीकृति मिति २०७८/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/०३ | LT. No.260791 | चलानी नं. ६०१७८४२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 16 | 0 | 1200 | ३३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SWEETKISS FOOD INDUSTRY SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/०३ | LT. No. 272268 | चलानी नं. ६०१८७९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

License No. : 646/063/064

**Career International Services (P.) Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEPTUNEPAC SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/०३ | LT. No. 272179 | चलानी नं. ६०१८७९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066

**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।

कम्पनी : GRAND VICTERY FURNITURE SB

पूर्व स्वीकृति मिति २०७९/०६/०३ | LT. No. 271330 | चलानी नं ६०१८७९९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९८१/०६७/०६८

**MAHAD MANPOWER PVT. LTD.**
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-SAQALAT UNITED FACTORY FOR ALUMINUM AND IRONSMITH WORKS

पूर्व स्वीकृति मितिः २०७९/०६/०२ | LT. No. 272219 | चलानी नं. ६०१८७९६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brieks Mason | 3 | 0 | 110 | ४५,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Carpenter | 1 | 0 | 110 | ४५,४३० | | | | | | | |
| 3 | Finishing Carpenter | 4 | 0 | 110 | ४५,४३० | | | | | | | |
| 4 | Plaster Mason | 3 | 0 | 110 | ४५,४३० | | | | | | | |
| 5 | Scaffolders | 4 | 0 | 110 | ४५,४३० | | | | | | | |
| 6 | Truck Drivers | 2 | 0 | 180 | ७४,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066

**LOTUS Human Resourse Pvt. Ltd**
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Email: lotushumanresource@wlink.com.np, info@lotushrnepal.com, Web: www.lotushrnepal.com

प्रभाव दैनिक

रूपशाला

## 'ऐना झ्यालको पुतली' ओस्कारका लागि सिफारिस

अमेरिकामा अर्को वर्ष हुने ओस्कार अवार्डको ९५औं संस्करणका लागि नेपालको अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समितिले सुजित बिडारी निर्देशित फिल्म 'ऐना झ्यालको पुतली' सिफारिस गर्ने निर्णय गरेको छ। समितिको सोमबार बसेको बैठकले समितिलाई प्राप्त फिल्ममध्येबाट 'ऐना झ्यालको पुतली'लाई सिफारिस गरेको हो। नेपालको अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समितिले अस्करको प्रतिस्पर्धामा सामेल हुन इच्छुक फिल्मकर्मीलाई २०७९ भदौ ३० गतेभित्र फिल्म बुझाउन आग्रह गरेको थियो।



मंगलबार, ४ असोज २०७९ (Tuesday, September 20, 2022)

# संविधान दिवसमा कलाकारलाई पदक

**काठमाडौं (प्रस)–** संविधान दिवसको अवसरमा सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले विभिन्न मानपदवी, अलङ्कार र पदकबाट विभूषित हुने ९९८ जनाको नाम घोषणा गरेकी छन्। यसरी घोषणा गरिएका व्यक्तिलाई आगामी २०८० वैशाख १ गते नयाँ वर्षको दिन राष्ट्रपतिबाट ती मानपदवी, अलङ्कार र पदक प्रदान गरिन्छ।

यसवर्ष चार जना कलाकारलाई सुकीर्तिमय राष्ट्रदीप दिने घोषणा गरिएको छ। सुकीर्तिमय राष्ट्रदीप पाउनेमा वरिष्ठ कलाकार नीर शाह, नायक राजेश हमाल, कलाकारद्वय हरिवंश आचार्य र मदन कृष्ण श्रेष्ठ रहेका छन्।

राष्ट्रपतिले सुप्रबल जनसेवाश्री अभिनेता अर्जुन श्रेष्ठलाई दिने घोषणा गरेकी छन्। अभिनेता तथा निर्देशक कृष्ण कुमार मल्ल र कलाकार मिथिला शर्मालाई कीर्तिमय राष्ट्रदीप दिने घोषणा गरिएको छ। यस्तै प्रबल जनसेवाश्री अभिनेता तथा निर्देशक निर्मल शर्मा र कलाकार दयाहाङ राईलाई दिने घोषणा गरिएको छ। कलाकार प्रदीप खड्का, निर्देशक माधव राज खरेल, नृत्य निर्देशक शिवराम बिक, निर्देशक रमेश कोइराला, कलाकार सनम कठायत, अभिनेता कुमार बस्नेत र कलाकार मनोहर सुनाम परियारलाई जनसेवाश्री दिने राष्ट्रपतिले घोषणा गरेकी छन्।

नेपाल सेवा प्रवीण पाउनेको सूचीमा कलाकार सानु कान्छा शाही, प्रभाकार शर्मा, इन्द्र बहादुर खत्री र कष्ण बहादुर बिकको नाम रहेको छ।

त्यस्तै गायक नन्द कृष्ण जोशीलाई सुकीर्तिमय राष्ट्रदीप पाउने भएका छन्। सुप्रबल जनसेवाश्रीबाट संगीतकार आलोकश्री, संगतीकार दीपक जंगम, गायक आनन्द कार्की र गायिका ज्ञानु राणालाई विभूषित गर्ने घोषणा गरिएको छ।

यस्तै संगीतकार मिलन मोक्तान, गायक सिताराम पोखरेल, संगीतकार चेतनाथ सापकोटा (चेतन) र गायिका सत्यकला राईलाई प्रबल जनसेवाश्री दिने घोषणा गरिएको छ।

जनसेवाश्री लोक गायिका सुनिता दुलाल, गीतकार बद्री पाण्डे, गायक तथा संगितकार कमल सुनार (सौराग) संगीतकार सन्तोष श्रेष्ठ, संगतीकार दिपक शर्मा र संगीतकार सानु कान्छा शाहीले पाउने भएका छन्। नेपाल सेवा प्रवीण गायक किरण गजमेरलाई दिइने छ।

# महापुरुषबाट डेब्यु गर्दै अञ्जना



■ प्रभाव संवाददाता

**काठमाडौं–** हाँस्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको मुख्य भूमिका रहेको फिल्म 'महापुरुष' मार्फत अञ्जना बराईली डेब्यु गर्दैछिन्। मोडलिङ र म्युजिक भिडियोमा अभिनय गरेकी अञ्जना यो फिल्ममा अडिसनमार्फत छानिएकी हुन्। उनी फिल्ममा प्रतिष्ठाको भूमिकामा छिन्।

अञ्जनाले मदनकृष्ण श्रेष्ठकी छोरीको भूमिका निर्वाह गरेकी हुन्। उनले अडिसनमा देखाएको अभिनयले नै 'सेलेक्ट' गरिएको कलाकारसँगै कार्यकारी निर्माता रहेका रवीन्द्रसिंह बानियाँले बताए।

'हामीलाई चाहिएको जस्तै उहाँमा पायौं। अडिसनमा दिइएको फरक तीन भूमिकालाई उहाँले निभाउनुभएको दृश्यले हामीलाई प्रभाव छाड्यो। धेरैको अडिसन लिए पनि उहाँले भूमिका सुहाउँदो भएकाले सेलेक्ट गरेका हौं,' बानियाँले भने। उनले अडिसनमार्फत छानिएको अञ्जनाको काम फिल्ममा प्रशंसायोग्य रहेको बताए। 'दिग्गज कलाकारहरूसँग स्क्रिनमा देखिँदा उनीमा देखिएको कन्फिडेन्टले उनको भविष्य उज्ज्वल छ भने लागेको छ। उनले आफ्नो भूमिकालाई जीवन्त बनाएकी छिन्,' उनले भने।

राम्रो फिल्मको खोजीमा रहेकी अञ्जना पनि यो टिमसँग जोडिएर आउन पाउँदा खुसी छिन्। 'मैले केही फिल्ममा अडिसन पनि दिएकी थिएँ। एक फिल्ममा सेल्केट भएर केही समय प्रतीक्षा पनि गरें। तर त्यो फिल्म बनेन। पछि यसमा अडिसन दिएँ,' उनले भनिन्। मह जोडी र प्रदीप भट्टराईको निर्देशनमा काम गर्न पाउँदा उनको सिकाइ पनि भएको छ। 'म यहाँका लागि नौलो मान्छे। मलाई रवीन्द्र दाइ र प्रदीप दाइले राम्रोसँग गाइड गर्नुभयो। अभिनयलाई प्रस्तुत गर्ने शैली सिकाउनु भयो,' उनले भनिन्।

मह जोडीसँग स्क्रिन सेयर गर्न पाउँदा उत्साहित अञ्जनाले फिल्ममा मदनकृष्णको छोरीको भूमिका निर्वाह गरेकी छन्। 'उहाँको छोरी बनेर काम गर्न पाउँदा ज्यादै खुसी छु। उहाँको माया र आशीर्वादलाई सिनमा समेत फिल्म गरें,' उनले भनिन्।

महापुरुषमार्फत अञ्जनाझैं अरुण क्षेत्री पनि डेब्यु गर्दैछन्। उनले फिल्ममा हरिवंश आचार्यको छोराको भूमिका निर्वाह गरेका छन्। उनको चरित्रको नाम विज्ञान हो। उनी फिल्ममा हरिवंशका कान्छा छोरा हुन्छन्। उनी पनि फिल्ममा अडिसनमार्फत सेलेक्ट भएका हुन्।

अडिसन भएको एक हप्तापछि उनलाई 'सेलेक्ट' भयौं भन्ने जानकारी आएको थियो। यद्यपि उनले अभिनय गरेको दोस्रो फिल्म 'महापुरुष' आउँदो ११ कात्तिक अर्थात् भाइटीकाको भोलिपल्ट प्रदर्शन हुँदैछ। सामाजिक विषयवस्तुमा आधारित ड्रामामा मदनकृष्ण र हरिवंशसँगै गौरी मल्ल, अरुण क्षेत्री, अञ्जना बराइली, रवीन्द्रसिंह बानियाँ, राजाराम पौडेल, शिखा तामाङ, कोपिला थापा, शिरु विष्ट, कविता श्रेष्ठ, नरेन्द्र कंसाकार, सविन बास्तोला, नरेश पौड्याल, प्रेम पाण्डे, सुमन रिमाल, माधव अधिकारी, प्रकाश भट्टराई, घनश्याम जोशी, अर्जुन आचार्य, पण्डित प्रज्वल लुइँटेललगायतको अभिनय छ।

फिल्ममा प्रदीप भट्टराईको लेखनसँगै निर्देशन रहेको छ। सोसल ड्रामा 'महापुरुष'मा समाजले मान्छेलाई महापुरुष बनाउने स्थितिलाई व्यंग्य गरिने छ। निर्देशक भट्टराईले जात्रा, शत्रुगते र जात्रैजात्रामार्फत आफूलाई निर्देशनमा स्थापित गरिसकेका छन्। उनले डेब्यु फिल्म 'जात्रा' देखि नै दर्शकको विश्वास जिते। शत्रुगतेबाहेक जात्रा सिरिजलाई समीक्षकले पनि रुचाए। यिनै भट्टराई अब चौथो फिल्म लिएर आउँन लागेका हुन्। उनी यसपटक यसअघिका फिल्मभन्दा झनै कन्फिडेन्ट छन्।

षट्कोण आर्ट्स प्रा.लि.को ब्यानरमा निर्मित फिल्ममा कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँ हुन् भने निर्माता दिपेश खत्री छन्। षट्कोण आर्ट्सले यसअघि टलकजङ भर्सेस टुल्के, जात्रा र जात्रैजात्रा फिल्म निर्माण गरेको छ। कलाकारसमेत रहेका रवीन्द्र कथावस्तुले दर्शकलाई छुनेमा विश्वस्त छन्। 'सामाजिक कथावस्तुमा फिल्म बनाएका छौं। आफ्नै मौलिक कथा र नाम महापुरुष राखेका छौं। हामीले अघिल्लो गरेका कामहरू भन्दा यसपटक झनै माझिएका छौं,' उनले भने।

# पियुस र सुनैनालाई मिस्टर एण्ड मिस टिन वर्ल्ड नेपालको ताज




■ प्रभाव संवाददाता

**काठमाडौँ–** 'मिस्टर एण्ड मिस टिन वर्ल्ड नेपाल २०२२' को विजेता पियुस अग्रवाल र सुनैना क्षेत्री भएका छन्। फेलिज इन्टरनेशनलले राजधानीमा आयोजना गरेको प्रतियोगीताको अन्तिम स्पर्धामा पियुसले मिष्टर र सुनैनाले मिस तर्फको शिर्ष उपाधि हात पारेका हुन्। पियुसले पर्सनालिटी र कन्जिन्यालिटी उप-शिर्षक समेत हात पार्दा सुनैना मिस ट्यालेन्ट र मिस पब्लिक च्वाइस समेत बनिन्।

प्रतियोगीतामा मिस्टर तर्फ सुजल संग्रौला फष्ट रनर अप र सुरज रसाइली सेकेन्ड रनरअप बन्दा मिस तर्फ दीक्षा उपाध्याय फष्ट रनर अप र बिदिसा श्रेष्ठले थड रनरअपको उपाधि हात पारिन्।

१६ देखी २१ बर्षसम्मका एसईई तथा प्लस टु परिक्षा दिएर बसेका विद्यार्थीहरूको फूर्सद सदुपयोग गर्दै उनीहरूको आत्मविश्वास, कार्यक्षमता अभिबृद्धि तथा जनसम्पर्क स्थापनामा ठूलो मद्दत पुर्‍याउने उद्देश्यले आयोजित प्रतियोगीताको निर्णायकमा पुर्व मिस नेपाल उषा खड्गी, अभिनेता सलिनमान बनिया, सलोन बस्नेत, पूजा गिरी, दीपक घिमिरे, दिब्या प्रभा झा थिए।

प्रतियोगीताका शीर्ष विजेताले १० अक्टुबरमा टर्कीको इस्तानबुलमा आयोजना हुने 'टप मोडल अफ युनिभर्समा' नेपालको प्रतिनिधित्व गर्ने अवसरका अलवा द ब्रिटिस कलेजबाट अध्ययनका लागि शतप्रतिशत छात्रवृत्ति, आयोजकका तर्फबाट नगद पुरस्कार रु १ लाख तथा विभिन्न उपहारहरू समेत प्राप्त गरेका छन्।

त्यस्तै फर्स्ट रनरअप तथा सेकेण्ड रनर अपले ब्रिटिस कलेजबाट ५० प्रतिशत छात्रवृत्ति तथा सहभागीले पहिलो बर्ष अध्ययनका लागि २५ प्रतिशत छात्रवृत्ति प्राप्त गर्नेछन्। 'मिस्टर एण्ड मिस टिन वर्ल्ड नेपाल' युवायुवतीको विकासमा ठूलो मद्दत पुर्‍याउने अपेक्षा सहित आफुले प्रतियोगीता आयोजना गरिएको फेलिज इन्टरनेशनलका निर्देशक तथा टप मोडल अफ युनिभर्सका कन्ट्रि डाइरेक्टर साहील खानले बताए।

## रंगशाला

महिला साफ च्याम्पियनसिप

# फेरि चुक्यो नेपाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली महिला टिम पाँचौंपटक उपाधि नजिक पुगेर चुकेको छ। राजधानीमा जारी छैटौं महिला साफ च्याम्पियनसिपको फाइनलमा बंगलादेशसँग पराजित हुँदै नेपाल ऐतिहासिक उपाधि नजिकबाट बिमुख बनेको हो।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार भएको फाइनलमा नेपाललाई ३-१ गोल अन्तरले हराउँदै बंगलादेश च्याम्पियन बनेको हो।

बंगलादेशलाई जित दिलाउन श्रीमोती कृष्णरानी सरकारले दुई गोल गरिन्। शामसुनाहरले एक गोल थपिन। नेपालकी अनिता बस्नेतले एक गोल फर्काईन्। खेलको १४ औं मिनेटमा शामसुनाहरले गोल गर्दै बंगलादेशलाई अग्रता दिलाएकी थिइन्। मोनिका चक्माको पासमा शामसुनाहरले उत्कृष्ट भली गोल गरे।

खेलको ४२ औं मिनेटमा श्रीमोती सरकारले गोल गर्दै बंगलादेशलाई २-० को अग्रता दिलाईन्। कप्तान सबिना खातुनको चलाखीपूर्ण पासमा अनमार्क रहेकी सरकारले उत्कृष्ट गोल गरिन्। ७० औं मिनेटमा अनिताले गोल गर्दै नेपाललाई २-१ को स्थितिमा ल्याईन। अमिषा कार्कीको पासमा अनिताले उत्कृष्ट गोल गरिन्। तर, खेलको ७७ औं मिनेटमा श्रीमोती सरकारले व्यक्तिगत दोस्रो गोल गर्दै बंगलादेशलाई ३-१ को जित दिलाईन्।

यससँगै बंगलादेश महिला साफको नयाँ च्याम्पियन बनेको छ। बंगलादेशले पहिलो पटक नेपाललाई हराएको हो। नेपाल भने फेरि फाइनलमा चुकेको छ। नेपाल पाँचौं पटक महिला साफको फाइनलमा पराजित भएको हो।

### प्रशिक्षक थापाद्वारा राजीनामा

साफ महिला फुटबल च्याम्पियनसिपको फाइनलमा पराजित भएपछि नेपाली राष्ट्रिय टिमका प्रशिक्षक कुमार थापाले राजीनामा दिने घोषणा गरेका छन्।

उपाधि जित्ने लक्ष्य पूरा नभएपछि आफू पद त्याग गर्ने निर्णयमा पुगेको उनले बताए।

'साफको उपाधि जित्ने लक्ष्य पूरा हुन सकेन। त्यसैले पदमा बसिराख्न औचित्य देखिनँ,' उनले भने।

# चन्द्रागिरि ब्याडमिन्टनको उपाधि रशिला र नवीनलाई

**काठमाडौं (प्रस)–** उदीयमान राष्ट्रिय नं. १ खेलाडी रशिला महर्जन र नवीन श्रेष्ठले प्रथम चन्द्रागिरी राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता २०७९ को उपाधि चुमेका छन्। सेनाकी खेलाडी महर्जनले महिला एकलतर्फ पूर्व नं. १ खेलाडी भोजपुरकी नंगशल देवी तामांगलाई २१-१४, २१-१३ को सोझो सेटमा पराजित गरेकी हुन्।

यस्तै सेनाकै नवीनले नेपाल पुलिस क्लबका बिष्णु कटुवाललाई २१-९, २१-१६ ले पराजित गर्दै उपाधि कब्जा गरेका हुन्। बिजेताले नगद ४० हजार र उपबिजेताले नगद २० हजार सहित मेडल, ट्रफी र प्रमाण पत्र प्राप्त गरे। महिला तर्फ एपिएफकी शोभा गौचन र सेनाकी प्राथना देउवा संयुक्त तेश्रो भए। पुरुष तर्फ पुलिसका सुनिल जोशी र कालिकाका सुदीप सेढाईले तेश्रो स्थानमा चित्त बुझाए। तेश्रो हुनेले नगद १० /१० हजार प्राप्त गरे।

महाङ्काल ब्याडमिन्टन कभर्डहलको आयोजनामा भएको प्रतियोगिताको शिर्ष २० बाहेकका पुरुष एकल तर्फका खेलमा महांकालका सुजन थापाले सेनाका हिमाल चन्दलाई २१-१७, ११-२१, २१-१८ ले पराजित गर्दै स्वर्ण जिते। उनले ट्रफी प्रमाण पत्र र नगद ३० हजार प्राप्त गरे। यस्तै उपविजेता चन्दले नगद १५ हजार प्राप्त गरे। तेश्रो स्थानमा सेनका कविर के.सी. र पुलिसका हिरा राई रहे। उनीहरूले नगद १० /१० हजार प्राप्त गरे।

सोही विधाको महिला एकल तर्फ सुर्खेतकी शिष्ना श्रीपालीले सुर्खेतकै अग्रीमा भण्डारीलाई १३-२१, २१-१६, २१-११ ले पराजित गर्दै उपाधि कब्जा गरिन्। श्रीपालीले ३० हजार र भण्डारीले नगद १५ हजार प्राप्त गरिन्। तेश्रो स्थानमा नेपाल पुलिसका निकिता लामा र रिना तामाङल रहे। उनीहरूले नगद १० /१० हजार प्राप्त गरे।

शिर्ष २० बाहेकको पुरुष युगल तर्फ एपिएफका प्रनिश सिंह ठकुरी र महांकालका सुजन थापाको जोडीले विजय प्राप्त गर्‍यो। उक्त जोडीले सेनाका पविन लिनथेप र सुरोज महर्जनको जोडीलाई २१-१८, २६-२४ को कठिन जित निकाल्यो। बिजयी जोडीले नगद ३० हजार र उपबिजयीले नगद १५ हजार प्राप्त गरे। युनिटि ब्याडमिन्टन एकेडेमीका निश्चल खत्री र श्रीजल पोखरेल तथा सेनाका हिमाल चन्द र सन्तोष पनेरुले तेश्रो हुँदै नगद १० /१० हजार प्राप्त गरे।

लोकल पुरुष युगल तर्फ महांकालका आकाश जोशी र याविक श्रेष्ठको जोडी प्रमोद महर्जन र सुमन महर्जनको जोडीमाथि हावी भयो।

# खेलकुदमा निजी क्षेत्रको भूमिका विषयक छलफल कार्यक्रम




■ प्रभाव संवाददाता

**काठमाडौं–** नवौं राष्ट्रिय खेलकुदलाई मध्यनजर राख्दै स्रोत परिचालन उपसमितिले निजी क्षेत्रलाई खेलकुदमा आकर्षित गर्ने उद्देश्यले आईतबार खेलकुदमा निजी क्षेत्रको भूमिका बिषयक छलफल कार्यक्रमको आयोजना गर्‍यो।

उपसमितिका संयोजक एवं बागमती प्रदेश खेलकुद परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम बारे जानकारी दिने क्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिंगले निजी क्षेत्रलाई पर राखेर खेलकुदको विकासको परिकल्पना गर्न नसकिने भन्दै निजी क्षेत्रलाई हातेमालो गर्न आव्हान गरे।

कार्यक्रममा बोल्दै युवा तथा खेलकुद मन्त्री महेश्वर जंग गहतराज अथकले नवौं राष्ट्रिय खेलकुदको प्लेटफर्ममा निजी क्षेत्रलाई समावेश गर्नु पर्ने र खेललाई राष्ट्रिय गौरव, राष्ट्रको पहिचान, राष्ट्रको लागि खेल र स्वास्थ्यका लागि खेल भन्ने नाराका साथ अगि बढेको मुल अभियान संग निजी क्षेत्रलाई एकाकार गरेर, हिस्सेदार बनाएर अगि बढनु पर्ने बताए। मन्त्री गहतराजले खेल क्षेत्र एक उद्योग रहेको भन्दै यस क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई आव्हान गरे।

संस्कृती, पर्यटन तथा नागरिक उड्यन मन्त्री एवं नेपाल ओलम्पिक कमिटिका अध्यक्ष जीवन राम श्रेष्ठले खेलकुदको क्षेत्रका लागि एउटा नयाँ सुरुवातको थालनी गरेकोमा खेलकुद परिषद्लाई आभार ब्यक्त गर्दै खेलकुदको विकासमा निजी क्षेत्रको अत्यन्तै महत्त्वपूर्ण भूमिका रहेको भन्दै बिश्वका कैयन देशमा निजी क्षेत्रको सहभागिताका कारण खेल क्षेत्रले उन्नती गरेको बताए।

उनले विगतमा निजी क्षेत्रले खेलकुदमा गरेको सहयात्रालाई स्मरण गर्दै निजी क्षेत्रलाई खेलकुदमा चन्दा र दान दिएको नभई लगानीको रूपमा लिन अनुरोध गरे। उनले निजी क्षेत्रले खर्च गर्ने सामाजीक उत्तरदायित्व अन्तरगत हुने खर्चलाई खेलकुदको क्षेत्रमा लगानी गराउने तर्फ अर्थमन्त्रीले सम्वोधन गर्न आव्हान गरे।

निजी क्षेत्रका तर्फबाट बोल्दै सूर्य नेपालका प्रतिनिधी मि. अर्यालले निजी क्षेत्रलाई खेलकुद क्षेत्रमा आकर्षण गर्ने खालका नीति नियमहरू ल्याउन अर्थ मन्त्रीलाई अनुरोध गरे। उनले सामाजिक उत्तरदायित्व अर्न्तगत गर्ने खर्चमा खेलकुद नअटेको भन्दै खेलकुद प्रवर्धन गर्ने गरि नीति बनाउनु पर्ने तर्फ सरकारले पहल गर्नु पर्ने बताए।

अर्थमन्त्री जनार्दन शर्माले खेल क्षेत्र आर्थिक विकासका लागि प्रगतीका लागि महत्त्वपूर्ण क्षेत्र रहेको भन्दै खेल क्षेत्रमा ठुला ठुला लगानी भईरहेको बताए। उनले खेलकुदको क्षेत्रमा निजी क्षेत्रलाई आकर्षण गर्ने खालका नीति नियमलाई अगाडी ल्याउने कार्यमा राज्यले पहल गर्ने तर्फ अग्रसर रहेको बताए। कार्यक्रमका सभापती भण्डारीले कार्यक्रममा उपस्थित सबैधलाई धन्यवाद दिंदै नवौं राष्ट्रिय खेलकुलाई सफल बनाउन र खेलकुदमा लगानी गर्न निजी क्षेत्रलाई आव्हान गरे।

# जापानमा नानमाडोल आँधी, दुई जनाको मृत्यु

**टोकियो–** जापानको दक्षिण पश्चिमी टापु क्युसुमा आएको आँधीका कारण दुई जनाको मृत्यु भएको छ । यस प्रकोपका कारण करिब ७० जना घाइते भएका स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

नानमाडोल आँधी सोमबार बिहान १२६ किलोमिटर प्रतिघण्टा हावाको गतिमा फुकुओका सहरमा पुगेको जापान टाइम्सले जनाएको छ । यस क्षेत्रका केही भागहरूमा ४०० मिलिमिटर वर्षा हुने अपेक्षा गरिएको मौसम विज्ञान एजेन्सीले बताएको छ । यस आँधीका कारण मंगलबार होन्सुको ठूलो भूभागमा भारी वर्षा हुने र बाढी र पहिरोको जोखिम निम्त्याउने अनुमान गरेको एजेन्सीले जनाएको छ । जापानको मौसम विज्ञान एजेन्सीले टोकियो र छेउछाउको कानागावा प्रान्तको लागि बाढी आउनसक्ने चेतावनी जारी गरेको छ । यद्यपी, क्युशुको ठूलो भाग र उत्तरपूर्वी प्रान्तहरू बाढीको चेतावनीमा थिए । लगातारको वर्षाका कारण सम्भावित पहिरो र बाढीको जोखिम उच्च रहेका जापान टाइम्सले जनाएको छ । *रासस/एएनआई*

# अफगानिस्तानमा फेरि टिकटक बन्द

**काबुल–** अफगानिस्तानको तालिबान सरकारले देशभित्र टिकटक प्रयोगमा प्रतिबन्ध लगाएको छ । तालिबान नेतृत्वको सरकारको टेलिकम्युनिकेसन विभागका उच्च अधिकारीले टिकटकसँगै पब्जी एप्लिकेसन पनि प्रयोगमा प्रतिबन्ध लगाइएको पुष्टि गरेका हुन् ।

मुस्लिम समुदायले अवलम्बन गर्ने सरिया कानुन र सुरक्षा तथा साँस्कृतिक पक्षलाई हेरेर टिकटक प्रतिबन्ध लगाइएको अधिकारीहरूको भनाइ छ । प्रतिबन्ध लगाउने यो निर्णय आगामी तीन महिना लागू हुने बताइएको छ ।

अफगानिस्तानमा टिकटक प्रतिबन्ध लगाउने निर्णय यसअघि पनि भएको थियो । तालिबान नेतृत्वको सरकारले यसअघि अहिलेसम्म अनैतिक र गलत सन्देश प्रवाह गरेको भन्दै दुई करोड ३० लाख वेबसाइट बन्द गरिदिएको थियो ।

तालिबान सरकारका सञ्चारमन्त्री नाजिबुल्लाह हक्वानीले भने, 'हामीले अहिलेसम्म दुई करोड ३० लाख ४० हजार वेबसाइट बन्द गरेका छौं, एउटा बन्द गर्‍यो अर्को खुल्छ, यो हाम्रो लागि ठूलो चुनौती भएको छ ।' *रासस/एएनआई*

# सडक दुर्घटनामा १९ जनाको मृत्यु

**अबुजा–** नाइजेरियामा सडक दुर्घटनामा परी १९ जनाको ज्यान गएको छ । यहाँका अधिकारीहरूले दिएको जानकारीअनुसार नाइजेरियाको राजधानी अबुजाको सडक दुर्घटनामा परेर ती नागरिकको ज्यान गएको हो ।

सो दुर्घटनामा परेर अरु सात जना नराम्ररी घाइते भएका पनि समाचारमा जनाइएको छ । राजधानी अबुजाको यान्जी ग्वालादा सडकमा सो दुर्घटना भएको हो । सडक विभागका एक अधिकारीले यहाँको उक्त सडकमा बस र ट्रक एक आपसमा जुध्दा सो दुर्घटना भएको बताए ।

यहाँ सो सडकमा तीनवटा सवारीसाधन एकआपसमा जुधेका र जसका कारण यति धेरै नागरिकको ज्यान गएको हो । सो सडकमा तीनवटा सवारीसाधन के कसरी आपसमा जुध्न पुगेका थिए भन्ने बारेमा अनुसन्धान थालिएको प्रहरीले जानकारी दिएको छ । यहाँ बेपर्वाहसँग सवारी हाक्ने, सडकको अवस्था पनि कमजोर रहेको र यहाँका सवारीसाधनहरूले क्षमताभन्दा पनि बढी मात्रामा भारी बोक्ने गरेकाले समय समयमा सडक दुर्घटना हुने गरेको अधिकारीहरूले जनाएका छन् । *रासस/सिन्ह्वा*


## भूल-सुधार गरिएक

यस प्रभाव दैनिकको वर्ष ९ अंक १ असोज ०३ गते २०७९ मा प्रकाशित भए **ALL RAHIM MANPOW PVT.LTD.** को Lot No. **2643** को DEFENCE SECURI SERVICES SDN. BHD. विज्ञापनमा अन्तरवार्ता स्थान Land Hotel, Dharan Road (wa no.6), Sunsari हुनुपर्नेमा अन्यथा गएकोले भूल-सुधार गरिएको जानव गराईन्छ ।

**ALL RAHIM MANPOWER PVT.**
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-454 4544429, Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gma info@allrahimmanpower.com, Website : allrahimmanpower
श्रम इजाजत नं. १२६८/०७४/०७५


नेपाल सरकार

दावी विरोध सम्बन्धी

## वैदेशिक रोजगार विभागको

### सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **PRADHAN ORIENTATION AND TRAINING CENTER (ई.प.नं. १४७/०७४/०७५), झापा जिल्ला बिर्तामोड वडा नं.०२** मा रहेको शाखा कार्यालयको साविकको ठेगाना परिवर्तन गरी **चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १०**, कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KLK HARDWOOD FLOORING SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०६/०३ | LT. No.272106 | चलानी नं.६०१८७९९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 15 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ८९८/०६७/०६८
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CONQUEST ELECTRONICS SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०६/०३ | LT. No. 272263 | चलानी नं. ६०१८७९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 30 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALPHA SIGMA OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ५१६/०६१/०६२
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.lmperial.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BLANC DENTAL CLINIC.**

पूर्व स्वीकृति मिति : २०७९/०३/०६ | पुन विज्ञापन स्वीकृति मिति :२०७९/०६/०३ | LT. No. 264965 | चलानी नं.६०१८१३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 5 | 95 | ३९,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dental Hygienist | 0 | 10 | 350 | १४४,२५५ | | | | | | | |
| 3 | Dental X-ray | 0 | 5 | 325 | १३३,९२५ | | | | | | | |
| 4 | Doctor | 5 | 5 | 800 | ३२९,६५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## CROATA मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HUMBLE HUNTER D.O.O**

पूर्व स्वीकृति मिति : २०७८/११/२३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०२ | LT. No. 245712 | चलानी नं. ६०१७५५५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher | 6 | 0 | 700 | ८८,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 55 | 0 | 650 | ८२,२१४ | | | | | | | |
| 3 | Cleaner | 0 | 2 | 500 | ६३,२४० | | | | | | | |
| 4 | Cook | 19 | 0 | 700 | ८८,५४० | | | | | | | |
| 5 | Heavy Machinery Operator | 20 | 0 | 750 | ९४,८६५ | | | | | | | |
| 6 | Mason | 57 | 0 | 650 | ८२,२१४ | | | | | | | |
| 7 | Painter | 20 | 0 | 600 | ७५,८९० | | | | | | | |
| 8 | Steel Fixer | 29 | 0 | 650 | ८२,२१४ | | | | | | | |
| 9 | Tile Setter | 7 | 0 | 650 | ८२,२१४ | | | | | | | |
| 10 | Truck Driver | 30 | 0 | 750 | ९४,८६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ४५,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 245712 मिति: २०७९/०६/०४ मा प्रकाशित हुनुपर्नेमा भूलबस मिति: २०७९/०६/०३ मा प्रकाशित भएकोले पुन प्रकाशित विज्ञापनलाई मान्यता दिइएको व्यहोरा जानकारी गरिन्छ ।**

Govt Lic No. 780/065/066
**LOTUS Human Resourse Pvt. Ltd**
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Email: lotushumanresource@wlink.com.np, info@lotushrnepal.com, Web: www.lotushrnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GME CARBON SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०६/०३ | LT. No. 271733 | चलानी नं. ६०१८७९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 9 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PIES CAVE RESTAURANTS TO SERVE MEALS**

पूर्व स्वीकृति मिति : २०७९/०६/०१ | LT. No. 272076 | चलानी नं. ६०१८७९६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 1 | 0 | 1400 | ४७,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Maharagunj, Kathmandu, Nepal Tel: +977-1-4720450, E-mail : alkausar.nepal@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CAFETERIA AL ANSAR**

पूर्व स्वीकृति मिति : २०७८/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०६/०३ | LT. No. 260860 | चलानी नं.६०१७७५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 3 | 0 | 1000 | ३५,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**IMPERIAL OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 816/065/066
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530,Fax : +977-1-4485522,
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HESSA ABDULLAH ABDULAZIZ AL-OMRAN TRANSPORT EST**

पूर्व स्वीकृति मिति: २०७९/०६/०२ | LT. No.272192 | चलानी नं. ६०१८७९६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1000 | ३३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :**SOUSTA CUTTERS SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०६/०३ | LT. No.270766 | चलानी नं.६०१८७९८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ११ गते (27th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ZIA INTERNATIONAL SERVICES PVT. LTD.**
श्रम ईजाजत नं. ६३३/०६३/०६४
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-4116653/ 4116654
E-mail: ziaintls@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ९१,४०० | प्रति तोला - ९०,९०० | प्रति तोला - ११७५ |



तारकेश्वर नगरपालिका वडा नं ५, गोल्ढुंगाको धितालथोकमा गरिएको ड्रागन फ्रुट खेती । स्थानीय किसान रामेश्वर धितालले ट्राभल एजेन्सीको रोजगारी छाडेर २०७७ सालदेखि ड्रागन फ्रुट खेती गरेका हुन् । उनले आफ्नो र भाडामा गरी पाँच रोपनी जग्गामा रु २० लाखको लगानीमा ९०० ड्रागन फ्रुटका बिरुवा लगाएका छन् । *तस्बिरः हरिराम भेटुवाल/रासस*

## राष्ट्र बैंकसँग उद्योगीको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग व्यापार महासंघले चालु पूँजीको कर्जाको सीमा वार्षिक अनुमानित कारोबारका आधारमा तोकिनु र कर्जाको अवधि एक वर्षभन्दा कम हुनुपर्ने राष्ट्र बैंकको निर्देशनले मुलुकको अर्थतन्त्रमा देखिएको समस्या समाधान हुन नसक्ने भन्दै तत्काल सच्याउन माग गरेको छ ।

महासंघका महासचिव खिमनारायण पराजुलीले आज एक विज्ञप्ति जारी गर्दै कूल पूँजीको कर्जा सीमा र कर्जाको न्यून अवधि तोकिँदा तरलताको अभाव भएको वर्तमान अवस्थामा निकै अव्यावहारिक भएको जनाएका छन् ।

नेपाल राष्ट्र बैंकले गत भदौ ७ गते चालु पूँजी कर्जा मार्ग दर्शन जारी गर्दै क, ख, ग वर्गका बैंक तथा वित्तीय संस्थालाई रु दुई करोडभन्दा कम चालु पूँजी कर्जाको सीमा वार्षिक अनुमानित कारोबारको जम्मा २० प्रतिशत मात्र कूल चालु पूँजी कर्जाको सीमा र कर्जाको अवधि एक वर्ष वा सोभन्दा कम तोक्न निर्देशन दिएको थियो ।

यस्तै रु दुई करोडभन्दा बढीका फर्म/संस्था/कम्पनीलाई वार्षिक अनुमानित कारोबारको २५ प्रतिशत मात्र कूल पूँजी कर्जा सीमा र कर्जाको अवधि एक वर्ष तोक्न निर्देशन दिइएको छ ।

आर्थिक मन्दी, नेपालको अर्थतन्त्रमा देखिएको समस्या, आर्थिक तरलताको अभाव भएको बेलामा उक्त व्यवस्थाले निकै अव्यावहारिक मात्र नभई उद्योगी व्यवसायीलाई विस्थापित गर्ने महासंघले जनाएको छ ।

ऋणीले त्रैमासिक आन्तरिक लेखा परीक्षणबाट प्रमाणित गराउनुपर्ने व्यवस्था निकै अव्यावहारिक र व्यवसायीलाई कठिन हुने भन्दै महासंघले व्यवसायीको चालु पूँजी कर्जामा वर्गीकरण निरन्तर हुनुपर्ने, वार्षिक लेखा परीक्षण र चालु पूँजी कर्जा वार्षिक अनुमानित कारोबारको प्रकृति हेरी ६० देखि ७० प्रतिशत र कम्तीमा पनि दुई वर्षसम्म कायम गर्नुपर्ने माग गरेको छ ।

## कर्पोरेट

### नेपाल टेलिकमको ई-सिम वितरण



**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले हाल दूरसञ्चार कार्यालय सुन्धारास्थित ग्राहक सेवा केन्द्रबाट ग्राहकहरूलाई निःशुल्क ई-सिम वितरण गरिरहेको छ । कम्पनीले पर्याप्त मात्रामा आन्तरिक परीक्षण र प्रयोगबाट सफल भएपछि ग्राहकहरूमाझ प्रबर्द्धनात्मक परीक्षणको रूपमा वितरण भइरहेको ई-सिमको लागि कम्पनीसँग यथेष्ट संख्या मौज्दात रहेको पनि नेपाल टेलिकमले जनाएको छ ।

ग्राहकहरूको अत्यधिक रुचि र मागलाई मध्यनजर गर्दै ग्राहकवर्गको सुविधाका लागि हालसम्म सुन्धारास्थित ग्राहक सेवा केन्द्रबाट मात्र वितरण भइरहेको ई-सिम भोलि (२०७९ असोज ४ गते) देखि कम्पनीका ग्राहक सेवा केन्द्रहरू नक्शाल, चावहिल, ठिमी, भक्तपुर, पाटन, गोंगबु र छाउनी कार्यालयहरू लगायत ग्राहक सेवा केन्द्र पुलचोकबाट पनि माग बमोजिम वितरण गरिने छ । मोबाइल सेटमा ई-सिम इन्स्टल गर्नका लागि क्यूआर कोडमार्फत स्क्यान गर्नुपर्छ । क्यूआर कोडको सुविधा भएका पछिल्लो पुस्ताका मोबाइल सेटमा मात्र ई-सिम प्रयोग गर्न सकिन्छ । त्यसैले सबैभन्दा पहिले आफ्नो मोबाइल सेटमा ई-सिम चल्ने/नचल्ने यकिन गरेर मात्र ई-सिमका लागि कम्पनीका ग्राहक सेवा केन्द्र गएर लिन सकिने जनाइएको छ ।

त्यसैगरी आइफोन र एन्ड्रोइड सिस्टमयुक्त मोबाइल सेटको सेटिङमा भएका विभिन्न अप्सन हेरेर पनि ई-सिम चल्ने वा नचल्ने पत्ता लगाउन सकिन्छ । आइफोन वा एन्ड्रोइडको सेटिङमा 'एड मोबाइल प्लान' वा 'एड डाटा प्लान' देखियो भने पनि त्यसमा सामान्यतः ई-सिम चल्छ भन्ने कुरा थाहा हुने टेलिकमले जनाएको छ ।

फिजिकल सिम प्रयोग गरिरहेका कम्पनीका ग्राहकहरूका पोस्टपेड र प्रिपेड सिम हालका लागि निःशुल्क ई-सिममा परिवर्तन गर्न सकिने छ । त्यसैगरी नयाँ पोस्टपेड लिन चाहने ग्राहकलाई हालको बिक्री मूल्यमै ई-सिम उपलब्ध गराइने छ भने नयाँ प्रिपेड सिमकार्ड लिन चाहने ग्राहकलाई भने निकट भविष्यमा सो सिम उपलब्ध गराइने छ ।

### एनएमबि बैंकको भिजा डाइरेक्ट सेवा

**काठमाडौं (प्रस)–** एनएमबि बैंकले आन्तरिक तथा वैदेशिक भुक्तानीलाई सरल बनाउनभिसा डाइरेक्ट सेवा सुरु गरेको छ । एनएमबि बैंकको खातामा विश्वका विभिन्न देशबाट अब ' भिसा डाइरेक्ट'मार्फत सोझै रकम पठाउन सकिने भएको छ । उक्त रकम एनएमबि भिसा डेबिट (बैंक खाता) मा प्राप्त गर्न सकिने बैंकले जनाएको छ ।

भिसा इन्टरनेशनल कम्पनीसँगको सहकार्यमा बैंकले यो सुविधा दिन लागेको हो । बैंकका अनुसार अमेरिका, बेलायत, क्यानडा, युरोप, अष्ट्रेलिया, संयुक्त अरब इमिरेट्स, कतार, साउदी अरब लगायत विश्वका १०० बढी देशबाट भिसा डाइरेक्ट प्लेटफर्म प्रयोग गरेर पठाएको रकम तुरुन्तै खातामा जम्मा गर्न सकिनेछ ।

यो प्लेटफर्ममार्फत रकम पठाउँदा बैंकले जारी गरेको भिसा कार्डसँग लिंक गरिएको खातामा उक्त रकम जम्मा गर्न सकिनेछ । यो सेवा समावेश भएसँगै एनएमबि भिसा कार्डधनीहरूले विश्वको जुनसुकै ठाउँबाट आफ्नो कार्ड/खातामा सहज र सुरक्षित रूपमा पैसा प्राप्त गर्न सक्नेछन् ।




एनएमबि बैंक दि फिनान्सियल टाईम्स, लण्डनको 'द ब्यान्कर' पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधि 'बैंक अफदिइयर एसिया २०२१' उपाधिबाट सम्मानित भएको बैंक हो । एनएमबिबैंकले २०१७, २०१८, २०२० र २०२१ का लागि पनि उक्त पत्रिकाद्वारा चार पटक नेपालकै उत्कृष्ट बैंकको उपाधि' बैंक अफ दिइयर नेपाल' प्राप्त गरि सकेको छ ।

### टिभिएसको नयाँ स्कुटर नेपाली बजारमा



**काठमाडौं (प्रस)–** टिभिएस मोटर कम्पनीले नयाँ टिभिएस एनटर्क १२५ रेस एक्सपी नेपाली बजारमा सार्वजनिक गरेको छ । यो नयाँ मोडलमा टीभीएस स्मार्टकनेक्स कनेक्टिभिटि प्ल्याटफर्म, राइड मोडहरू छान्ने सुविधा हुनुको साथै हलुका वजन रहेको कम्पनीले जानकारी दिएको छ ।

यसअघि कनेक्टेड मोबिलिटीको क्षेत्रमा आफ्नै छुट्टै स्थान बनाइसकेको टिभिएसले स्कुटर उद्योगमै सबैभन्दा पहिला नयाँ भोइस-असिस्ट फिचर युक्त स्मार्टकनेक्ट कनेक्टिभिटी प्ल्याट्फर्मको प्रयोग गरेको छ । यसमा मोड चेन्ज, नाभिगेसन, कन्सोल ब्राइट्नेस अड्जस्टमेन्ट र डिएनडिलगायत अन्य थुप्रै कनेक्टिभिटि फंगसनहरू समावेश गरिएको छ । १२५ सिसि सेग्मेन्टमा १० पीएसभन्दा धेरै पावर हुने यो नेपालकै एक मात्र स्कुटर हो । पहिलाको भन्दा सुधारिएको ग्यास फ्लो डाइनामिक्स र कम्बुस्चन ले यसको पावर डेलिभरी अझै राम्रो बनाएको छ । यसमाप्रयोग भएको एड्भान्स्ड इन्जिनियरिंग पोलिमर र सर्वाधिक बलियो एलोए स्टिलले यस लाई अझ हलुका बनाएको छ जसले गर्दा यो स्कुटर चलाउन रहेको पनि कम्पनीले जनाएको छ ।

यस स्कुटरमा ब्लुटुथ इन्बिल्ड छ, जसले मोबाइललाई कनेक्ट गर्न सकिन्छ । यसमा भएको भ्वाइस असिस्ट फिचरले राइडरको न्याभिगेसन लन्च गर्ने, मोड चेन्ज गर्नेलगायतका १५ छुट्टाछुट्टै भ्वाइस कमान्ड लिने पनि जनाइएको छ । यो स्कुटर बढीमा ९८ किलोमिटर प्रतिघण्टासम्म चलाउन सकिन्छ भने हेर्दा चिटिक्क परेका यो स्कुटरमाअरुको भन्दा भिन्नै र आकर्षक देखिने सिग्नेचर हेड ल्याम्प, एलइडि टेल ल्याम्प राखिएको छ र नामअनुसार यसको कलर थिम र रेस इन्स्पायर्ड ग्राफिक्स् पनि रहेको छ। साथै स्पोर्टि रेड व्हीलस्ले यो स्कुटरलाई झनै स्टाइलिश देखाएको छ । ट्राइ-टोन कलर रिम सहितउपलब्ध यो स्कुटरको नेपालमा मुल्य ३,०५,९०० रहेको छ ।

## नेपाली-कोरियन प्यानल सम्झौता

■ प्रभाव संवाददाता

**भक्तपुर–** नेपाल इको प्यानल र कोरियन कम्पनी एसवाई प्यानल लिमिटेडवीच सोमबार एउटा समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

समझदारीपत्रमा नेपाल इको प्यानलका प्रमुख कार्यकारी अधिकृत (सिईओ) इन्जिनियर कृष्णभक्त दुवाल र एसवाई प्यानलका जनरल म्यानेजर विमलराज गोसाईले हस्ताक्षर गरेका छन् ।

एसवाई प्यानलद्धारा उत्पादित छाना र नेपाल इको प्यानलद्धारा उत्पादित प्यानल एकअर्कामा बजार प्रबर्द्धन गर्न समझदारीपत्रमा हस्ताक्षर भएको हो । यस्तै दुई वटा कम्पनीवीच आआफूसँग भएको प्रविधि आदानप्रदान गर्ने पनि सम्झौता पनि भएको छ । सम्झौतामा एसवाई प्यानलले उत्पादन गर्दै आएको युपीभसीको झयालढोका उत्पादन गर्दाको प्रविधि पनि एक आपसमा आदानप्रदान गर्ने सम्झौता भएको छ ।

एसवाई प्यानलले युपीभीसीका झयालढोकाको साथसाथै छानामा प्रयोग हुने स्याण्डविच प्यानलहरू उत्पादन गर्दै आएको छ भने नेपाल इको प्यानलले स्थायी तथा अस्थायी संरचनामा भित्री वा बाहिरी पार्टेशनको वालको रूपमा प्रयोग हुने वातावरण मैत्री निर्माण सामाग्री उत्पादन गर्दै आएको छ ।

## हवाई सेवा पुनः सञ्चालनको तयारी

■ प्रभाव संवाददाता

**बैतडी–** सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला बैतडीमा लामो समयदेखि बन्द रहेको हवाई सेवा पुनः सञ्चालनको तयारी भएको छ । गत चैतदेखि बन्द रहेको धनगढी-बैतडी-धनगढी हवाई सेवा पुनः सञ्चालनको तयारी भएको हो ।

यही असोज ८ गते शनिबारदेखि नियमित रूपमा यहाँ उडान हुने समिट एयर बैतडीका प्रतिनिधि कृष्णदत्त भट्टले जानकारी दिए । साताको एक दिन बिहीबार समिट एयरले उडान भर्दै आएकोमा गत चैत १० गते यहाँ अन्तिम पटक उडान भएको थियो । असोज ८ गतेदेखि शनिबार नियमित रूपमा उडान हुने भट्टको भनाइ छ । 'दसैं तिहारको बेला यात्रु नियमित चाप हुन्छ', उनले भने, 'असोज ८ गते शनिबार यहाँ फ्लाइट हुने जानकारी आएको छ, त्यसपछि नियमित रूपमा उडान हुन्छ ।' यसअघि बिहीबार हुँदै आएको हवाइ सेवा असोज ८ गतेदेखि हरेक शनिबार साप्ताहिक रूपमा धनगढी-बैतडी-धनगढी उडान हुने समिट एयरले जनाएको छ ।

नियमित रूपमा यहाँ हवाई उडान हुने भएपछि यहाँ नागरिक खुसी भएका छन् । हवाई उडान नियमित हुँदा आकस्मिक रूपमा बिरामी भएकालाई लैजान तथा अन्य कामका लागि जान सहज हुने स्थानीय कपिल केसीले बताए । सार्वजनिक गाडीको यात्राबाट धनगढी पुग्न कम्तीमा ८ घण्टा लाग्ने गर्दछ । यसअघि यात्रु अभाव र मौसम अनुकूल नहुँदा हवाई सेवा बन्द भए पनि अब नियमित रूपमा सञ्चालन हुने जनाइएको छ ।

बैतडी-धनगढी हवाई भाडा अबदेखि रु पाँच हजार कायम गरिएको छ । यसअघि रु चार हजार छ सय रहेको थियो । गत चैतमा हवाई सेवा सञ्चालनमा रहेको बेला बैतडीदेखि धनगढीसम्मको हवाई भाडा रु चार हजार छ सय थियो । बैतडीबाट धनगढी १७ मिनेटमा पुगिन्छ ।

हवाइ कम्पनिले तोकेको भाडा महँगो भएको यात्रुहरूको गुनासो गरेका छन् । १७ मिनेटमै पुगिने यात्रामा भाडा भने महँगो भएको स्थानीय भागरथी भट्टले बताए । पाटनमा विमानस्थल २६ वर्षपछि विसं २०७७ असोज अन्तिम साताबाट पुनःसञ्चालनमा आएको हो ।

विसं २०३२ मा पाटनमा विमानस्थल निर्माणको काम सुरु भएर विसं २०३५ देखि हवाई सेवा सुरु भएको थियो । पछि विसं २०५२ देखि विमानस्थल बन्द भएको थियो । त्यतिबेला पहाडी जिल्लामा सडक सञ्जाल पुगेको र यात्रु कम भएको भन्दै विमानस्थल बन्द गरिएको थियो ।







प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ